अंक: ११, पुस २०६९

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन




## महिलाको मानव सरह बाँच्ने अधिकारको सुनिश्चितता गरौं !

# एटविन गतिविधिका झलकहरू



मानव बेचबिखन विरुद्ध प्रशिक्षक प्रशिक्षण तालिम, मोरङ्ग



छैठौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस २०६९ को अवसरमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट सम्मानपत्र प्राप्त गर्दै ।



मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गाष्ठी, दोलखा





मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गोष्ठी, पर्सा



राजनैतिक दललाई ज्ञापनपत्र बुझाउदै ।



परियोजनाका साझेदार संस्थाहरूसँग रणनिती योजना र पुनरावलोकन बैठक



एटविनमा छैठौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस २०६९ को तयारी बैठक ।





मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गोष्ठी, दोलखा

# ओसारपसार

अंक : ११, पुस २०६९

**सल्लाहकार**
लक्ष्मी कार्की

**सम्पादक**
अनिल अधिकारी

**उप-सम्पादक**
विमला ज्ञवाली

**संयोजक**
बेनु माया गुरुङ्ग

**व्यवस्थापक**
बिनिता न्यौपाने

**आवरण/ले-आउट**
अर्चना आचार्य

**मुद्रण**
सगरमाथा अफसेट प्रेस
बिजुली बजार, काठमाडौं
फोन नं. : ४७८१३५०

यस बुलेटिनमा प्रकाशित लेखहरु लेखकका निजी विचार हुन् ।

## विषयसूची


- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विद्यमान नीतिगत व्यवस्था र तिनको प्रभावकारिता — **डा. किरण रुपाखेती** — १
- महिला हिंसा र कानुनी प्रभावकारिता — **लक्ष्मी कार्की** — ७
- महिला सुरक्षित भए समाज सुरक्षित हुन्छ — **विमला ज्ञवाली** — ९
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनी व्यवस्था र कार्यान्वयनको अवस्था — **विष्णुमाया भुसाल** — १२
- बेचबिखनबाट प्रभावितहरूको सामाजिक पुनःस्थापना, विद्यमान कानुनी व्यवस्था तथा यसको कार्यान्वयनको अवस्था — **पूजा महतो** — १६
- मुम्बई अपरेशन हामीले गरेको कामको बेस्ट प्राक्टिस थियो — **अन्तर्वार्ता** — १८
- समावेशी शिक्षाको अभाव र शैक्षिक बेरोजगारका कारण सक्रिय जनशक्तिको ठूलो हिस्सा विदेशिन बाध्य — **भानु पराजुली** — २२
- "श्रमजीवी महिलाहरूप्रति डान्स, रेष्टुरेण्ट, बारजस्ता कार्यस्थलहरूमा हुने यौन उत्पीडन नियन्त्रण निर्देशिका-२०६५" को कार्यान्वयनको आवश्यकता — **सृजना के. सी.** — २६
- नारी सीप सृजना केन्द्र नेपाल - एक परिचय — **सदस्य संस्था परिचय** — २९
- एटविन गतिविधिहरू — ३१
- चेलिबेटी बेचबिखन — **कविता प्रतिक्षा बस्नेत** — ३४
- मानव बेचबिखन तथा ओसारसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड" २०६८ का केही मुख्य बुंदाहरू — ३५


**प्रकाशक**

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह, नेपाल (एटविन)**
पो.ब.नं.: २४९६०, काठमाडौं, नेपाल
फोन : ४२२९७८७, ४२४०७०९ फ्याक्स : ४२४०७०९
इमेल : aatwin@ntc.net.np
वेबसाइट : www.aatwin.org.np

**प्रकाशन सहयोगी**

**ग्लोबल फण्ड फर वुमन**
सानफ्रान्सिस्को, यु. एस. ए.
Global Fund for Women

# सडक आन्दोलनको बल

महिला हिंसा विरूद्धको १६ दिने अभियान देखि अन्तर्राष्ट्रिय नारी दिवस मनाइसख्दासम्म महिलामाथि भएका बलात्कार, अपरण, हत्या, आगजनी, लुट, बेपत्ता आदिका थुप्रै घटनाहरु सार्वजनिक भइसकेका छन् । छिमेकी राष्ट्र भारतमा त २३ वर्षिया एक किशोरीमाथि भएको सामूहिक बलात्कारको घटना विरूद्ध छेडिएको सडक आन्दोलनले संसारै हल्लाइदियो । भारत सरकारले तत्परता देखाउँदै फास्ट ट्र्याक अदालत गठन गरी कारवाही अघि बढाइरहेको छ । नेपालमा शिवा हासमी, सरस्वती सुवेदी, बिन्दु ठाकुर, शान्ति राई, छोरी मैयाँ, सीता राईहरूका घटनाहरूले आम जनमानसको ध्यान तानेको छ । महिला हिंसाका घटनाहरु छोटो समयमा यति धेरै प्रकाशमा आएको सम्भवत नेपालमा पहिलो पटक हो । महिनौं दिनदेखि जारी अकुपाई बालुवाटार आन्दोलनले महिला हिंसाका घटनाहरूको प्रसारमा उचाई थप्ने काम गरिरहेको छ । घटनाका पीडित पक्ष, मानवअधिकार अभियन्ता, सरोकारवालाहरु शान्तिपूर्ण प्रदर्शन गर्दै थाल र कचौरा ठटाउँदै भनिरहेका छन् "तैं चुप, मैं चुप आखिर कहिलेसम्म ?", आम सञ्चारका माध्यमहरूले प्राथमिकताका साथ आन्दोलनका गतिविधिहरूलाई प्रसार पनि गरिरहेका छन् । जानकारहरू भने भलै पीडित पक्षले न्यायको अनुभूति गर्न नपाएका हुन्, आम मानिसमा महिला हिंसाका पीडकहरूलाई कारवाही हुनुपर्ने र पीडितले न्याय पाउनु पर्छ भन्ने विषय स्थापित हुन ***अकुपाई बालुवाटार*** फलदायी भएको बताउँछन् ।

महिला हिंसा विरूद्धको सडक आन्दोलनलाई कम आंकलन गर्न मिल्दैन । सडकबाटै शुरू भएका महिला आन्दोलनहरु संसारभर स्थापित भएका इतिहास हामी सँग छन्, लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान र अन्तर्राष्ट्रिय नारी दिवस ८ मार्च यसका ज्वलन्त उदाहरणहरु हुन् ।

यसैबीच महिलामाथि हुने सबै खाले हिंसाको अन्त्यको माग गर्दै १४ फेब्रुअरी भ्यालेन्टाइन डे (प्रेम दिवस) को अवसर पारेर विश्वभरका १५० भन्दा बढी देशहरूमा ***वन बिलियन राइजिङ क्याम्पेन*** आयोजना गरियो । नेपाल सहित विश्वभरका सय करोड महिला र पुरूषहरूले हिंसा विरूद्ध नाँच्दै, गाउँदै, कविता वाचन गर्दै सडकमा उत्रेर प्रदर्शन गरेको विभिन्न स्रोतहरूले जनाए । संसारभर एक आपसमा प्रेम र भाइचाराको सन्देश आदानप्रदान गर्दै हिंसा विरूद्ध जागरण ल्याउन खोज्ने यो नौलो अभियान थियो ।

सडक आन्दोलनको चर्चा गर्दा एटविनले स्थापना कालदेखि झण्डै १ दशक निरन्तर सञ्चालन गरेको ***कालो पहिरनमा मानिस (पिपुल इन ब्ल्याक)*** अभियानलाई यहाँनिर स्मरण गर्नु सान्दर्भिक हुन्छ । हरेक महिनाको अन्तिम शुक्रबार १ घण्टा राजधानीको अति व्यस्त ठाउँहरूमा शान्तिपूर्ण प्रदर्शन, नारा, सडक नाटक एवं पर्चा वितरण गर्दै सरोकारवालाहरूको ध्यान खिच्न सफल कालो पहिरनमा मानिस अभियान आम जनसमुदाय माझ बालबालिका तथा महिला बेचबिखन विरूद्धको मुद्दा स्थापित गर्न सफल रहेको थियो । अहिले आएर एटविन सदस्यहरूबीच ***कालो पहिरनमा मानिस*** सडक अभियानको पुनरावृत्ति हुनुपर्ने मत आदानप्रदान शुरू भएको छ तर अब भने परिष्कृत गर्दै परिणाममुखी ढङ्गले लानु भने जरूरी छ । राजधानी लगायत एटविन सदस्य संस्थाहरूले आ-आफ्नो कार्यक्रम जिल्लाहरूमा अभियानलाई एकैसाथ सञ्चालन गर्न सके यसले राष्ट्रव्यापी सन्देश छाड्न सफल रहनेमा निश्चित प्रायः छ तर राज्यको चौथो अङ्ग-आम सञ्चार माध्यमहरूलाई भने साथसाथ लानु अपरिहार्य छ ।

# मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विद्यमान नीतिगत व्यवस्था र तिनको प्रभावकारिता



• डा. किरण रूपाखेती

"इतिहासको कुनै कालखण्डमा भारतमा नोकरी, दासत्व र यौन व्यवसायका लागि शुरू भएको नेपाली चेलीबेटीहरूको बेचबिखन र ओसारपसार आन्तरिक शहर बजारदेखि छिमेकी मुलुकहरु हुँदै समुन्द्रपारीका मुलुकहरूसम्म फैलिइसकेको छ भने लिङ्गको हिसाबले पुरूष, बालक र यौनिक अल्पसंख्यकहरूलाई पनि मानव बेचबिखनको समस्याले छाडेको छैन ।"

१. पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार विश्व बजारमा लागू पदार्थ र अवैध हातहतियारको व्यापार पछि कम जोखिममा अति नै लाभयुक्त अपराधिक उद्योगको रूपमा द्रुतगतिमा फस्टाउदै गइरहेको सन्दर्भमा नेपाल पनि यो समस्याबाट अछुतो रहेको छैन । यो अन्तर्देशीय प्रकृतिको अपराध हो जुन संगठित हुन्छ र अपराधिक समूह वा संजालको संलग्नतामा नै संचालन हुन्छ ।

नेपालमा विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भीर समस्या र चुनौतिको रूपमा रहेको छ । शुरूमा कुनै जाति र समुदाय विशेषबाट थालनी भएको यौन शोषणका लागि महिला तथा बालिकाहरूको बेचबिखनको समस्यामा अहिले आएर श्रम आप्रवासनका माध्यमबाट मानव बेचबिखनमा परिणत हुन थालेको देखिन्छ । नेपालका सबै जिल्ला र समुदाय यस अवस्थाबाट प्रभावित हुन पुगेका छन् । वैदेशिक रोजगार प्रतिको बढ्दो आकर्षण मानव बेचबिखनका दलालहरूका लागि चलखेलको विषय बन्न पुगिरहेको छ । इतिहासको कुनै कालखण्डमा भारतमा नोकरी, दासत्व र यौन व्यवसायका लागि शुरू भएको नेपाली चेलीबेटीहरूको बेचबिखन र ओसारपसार आन्तरिक शहर बजारदेखि छिमेकी मुलुकहरू हुँदै समुन्द्रपारीका मुलुकहरूसम्म फैलिइसकेको छ भने लिङ्गको हिसाबले पुरूष, बालक र यौनिक अल्पसंख्यकहरूलाई पनि मानव बेचबिखनको समस्याले छाडेको छैन ।

मानव सभ्यताको कलंकको रूपमा रहेको मानव बेचबिखनको अपराध विभिन्न स्वरूप र स्तरमा विश्वव्यापी रूपमा विद्यमान छ । अन्तर्राष्ट्रिय आपराधिक कार्य सञ्जालको विस्तारको कारण मानव बेचबिखन र ओसारपसारका घटनाहरु संख्यात्मक रूपमा बढदो छ । यौन शोषण, दासता, मानव अङ्ग प्रत्यारोपण, जोखिमपूर्ण कार्य, मनोरञ्जन, वैदेशिक रोजगारी तथा घरेलु काम लगायत विभिन्न शोषण प्रयोजनका लागि विशेषगरी नेपाली महिला र बालबालिकाहरूको बेचबिखन हुने गरेको विदितै छ । पछिल्लो समयमा आएर अन्तर्देशीय बेचबिखन मात्र नभई नेपाल भित्रै पनि बेचबिखनको

घटनाहरु बढिराखेका छन् । नेपाल सरकारले यो समस्यालाई गम्भीर रूपमा लिई समाधानका लागि विभिन्न प्रयासहरु चाल्दै आइरहेको छ । यसै सन्दर्भमा दक्षिण एसियाली राष्ट्रहरूको क्षेत्रीय संगठन (SAARC) को काठमाडौंमा भएको एघारौं शिखर सम्मेलनबाट पारित "वेश्यावृत्तिका लागि हुने महिला तथा बालबालिकाको बेचबिखन विरूद्धको सार्क महासन्धि, २००२" लाई जन आन्दोलनपछि पुनः स्थापित प्रतिनिधिसभाको बैठकले २०६३ साल भाद्र २० मा अनुमोदन गर्ने निर्णय गरेको थियो । उक्त महासन्धिलाई अनुमोदन गर्ने निर्णय गरेको दिनको स्मरण गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्को २०६४ जेठ ११ को बैठकबाट हरेक वर्ष भाद्र २० गतेलाई मानव बेचबिखनविरूद्धको राष्ट्रिय दिवसको रूपमा मनाउने निर्णय भए अनुरूप विगत ६ बर्ष देखि उक्त दिवस मनाउदै आइरहेको छ । प्रस्तुत लेखमा मानव बेचबिखनका विभिन्न आयामहरूको चर्चा गर्दै नेपाल सरकारका तर्फबाट यस विरूद्ध व्यवस्थित गरिएका नीतिगत, कानुनी र कार्यक्रमगत प्रावधानहरु, विद्यमान समस्याहरु र ती समस्याहरु समाधानार्थ भैरहेका प्रयासहरूका बारेमा प्रकाश पार्ने कोशिस गरिएको छ ।

## २. बेचबिखनको वर्तमान स्थिति

सही तथ्यांकको अभावका कारण मानव बेचबिखनको यकिन परिमाण संख्यात्मक रूपमा व्यक्त गर्न नसकिएतापनि यो समस्या नेपालको सन्दर्भमा चुनौतीपूर्ण रहेको कुरामा कुनै शंका छैन । करीब २९ लाख कामदारहरु कामको खोजीमा विदेशी भूमिमा रहेका र ती मध्ये उल्लेख्य संख्याले बन्दी जस्तो जीवन बिताइरहेको अनुमान विभिन्न अनुसन्धान स्रोतहरूले गरेका छन् । विभिन्न सरकारी तथा गैर सरकारी र अन्तर्राष्ट्रिय क्षेत्रहरूको प्रयासले मानव बेचबिखन नियन्त्रणमा उल्लेख्य सफलता प्राप्त भएको अनुमान गरिएता पनि मानव बेचबिखनको स्वरूपमा क्रमशः बदलाव आइरहेको छ । जस्तो नेपालका विभिन्न क्षेत्रहरूमा युवाहरूको बेचबिखन मृगौलाका लागि हुने गरेको तथ्य सार्वजनिक भएको छ । तिब्बतको खासा बजारमा नेपाली चेलीबेटीहरूलाई यौनजन्य व्यापारमा लगाउने काममा बढोत्तरी आइरहेको चर्चा छापामा देखिन थालेको छ । राष्ट्रिय मानव अधिकार आयोगको सन् २०१० को प्रतिवेदनले सो वर्ष करिब ५,००० व्यक्तिहरु बेचबिखनमा परेको उल्लेख गरेको छ ।

## ३. मानव बेचबिखनका कारणहरु

नेपालको परिप्रेक्षमा मानव बेचबिखनका विभिन्न आन्तरिक र बाह्य कारणहरू रहेका छन् । कतिपय बाह्य रूपमा प्रष्ट हुन्छन् तर कतिपय लुप्त रूपमा हुन सक्छन् । लैङ्गीकताका आधारमा हुने हिंसा, भेदभावपूर्ण श्रम अभ्यास, पारिवारिक विखण्डन, जातिय र धार्मिक सीमान्तीकरण, असन्तुलित शक्ति संरचना, बाँधा श्रमको परम्परागत प्रयोग, कम उमेरको विवाह, जबरजस्ती विवाह, सम्बन्ध बिच्छेद, नागरिकहरूमा शिक्षाको अवसरको कमी, आर्थिक अवसरको असमानता र गरिबी जस्ता पक्षहरूलाई यसको कारक मान्न सकिन्छ । तथापी बौद्धिकताको हिसाबले उल्लिखित तत्वहरूलाई केवल सतही तत्वको रूपमा मान्नेहरु मनग्गे छन् । उनीहरूका अनुसार सही अर्थमा पितृसत्तात्मक सामाजिक व्यवस्था (Patriarchal Social System) र त्यसबाट सृजित महिला माथिको हैकमता र शोषण (Women Subordination and Exploitation) र कानुनी शोषण र असमानता (Legal Exploitation and Inequality) लाई नै मानव बेचबिखनका कारक मान्नुपर्छ । विद्यमान सामाजिक संरचानाले नारी माथि समान व्यवहार गरेको भए एक हिसाबले भन्नुपर्दा उनीहरू काम र मामको खोजीमा विदेशी भूमिमा भौंतारिने थिएनन् । नेपालको विद्यमान कानुनले आमाको नामबाट पनि नागरिकता पाउन सक्ने सहज स्थिति भएको भए महिलाहरु भारतीय नाका हुँदै गलत परिचय (False Identification) का साथ तेस्रो मुलुकहरूमा कामको खोजीमा गई बेचबिखनको शिकार हुने थिएनन् भन्ने तर्कलाई हामीले ग्रहण गर्नै पर्छ ।

## ४. मानव बेचबिखनलाई सम्बोधन गर्न उपलब्ध संवैधानिक, कानुनी र नीतिगत कार्यक्रमहरु

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले आफ्नो स्थापना कालदेखि महिला तथा बालबालिकाहरूको बेचबबिखन तथा ओसारपसार नियन्त्रणका लागि मुख्य सम्पर्क निकायको रूपमा काम गर्दै आइरहेको छ । सो कार्यमा संयुक्त राष्ट्र संघीय निकायहरु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले मन्त्रालयलाई सघाइ राखेका छन् । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना पश्चात यसले २०५२ सालमा चेलीबेटी बेचबिखन तथा देहव्यापार विरुद्ध राष्ट्रिय नीति बनाई कार्यान्वयनमा ल्याएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०, २२ र २९ ले गरेका व्यवस्थाहरूले महिला तथा बालबालिकाहरूलाई शारीरिक, मानसिक वा

अन्य कुनै पनि किसिमको शोषण विरुद्ध लड्ने अधिकार प्रदान गरेको छ ।

यसका साथै मुलुकी ऐन, २०२० को संसोधनहरूका अलावा बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली, २०५०; लैङ्गीक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३; मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५; वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४; घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७ आदिले मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूलाई नियन्त्रण गर्न कानुनी प्रावधान निर्माण गरिदिएका छन् । साथै, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बाल अधिकार महासन्धि र सो महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धी इच्छाधिन आलेख, दासत्व महासन्धि, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको इच्छाधिन आलेख, जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनको बलपूर्वक श्रम उन्मूलन सम्बन्धी महासन्धि (नं. १२९), अन्तर्राष्ट्रिय श्रम संगठनका रोजगारी प्राप्तिका लागि न्यूनतम उमेर सम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठनका बाल श्रमका निकृष्ट रूपहरूको उन्मूलन सम्बन्धी महासन्धि तथा अन्तरदेशीय संगठित अपराध विरूद्धको महासन्धि आदिमा नेपालको तर्फबाट अनुमोदन भइसकेको परिप्रेक्ष्यमा तिनको उचित कार्यान्वयनबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सघाउ पुग्ने कुरामा दुइमत नहोला ।

माथि उल्लेख गरिएझैं नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाहरूलाई लैङ्गिक अविभेदको अधिकार, सारभूत समानताको अधिकार, हिंसा विरूद्धको अधिकार, पैतृक सम्पत्ति माथिको अधिकारका साथै परम्परागत प्रथाको नाममा हुने शोषण विरूद्धको अधिकार प्रदान गरेको छ । नेपाल सरकारले नेपालको अन्तरिम संविधानले प्रत्याभूत गरेका अधिकारको सुनिश्चितता गर्दै मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य कुकृत्यको रोकथाम तथा न्यूनीकरणका लागि विभिन्न कानुनी तथा नीतिगत व्यवस्था गर्नुका साथै विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । यसका अलावा महिलाहरूको यौनजन्य प्रयोजनका लागि हुने ओसारपसार वा बेचबिखन एवम् दासतापूर्ण बँधुवा, जोखिमको काम र मानव अंग प्रत्यारोपणका लागि आन्तरिक एवं बाह्य रूपमा हुने ओसारपसार तथा किनबेचलाई अपराधको रूपमा परिभाषित गर्दै प्रभावितको उद्धार, पुनःस्थापना, क्षतिपूर्ति, गोपनियता, सुरक्षा, आत्मरक्षाका साथै कानुनी प्रतिनिधित्व लगायतका अधिकारको व्यवस्था भएको (कानुन) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा आइसकेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ ले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्यलाई मानव बेचबिखन गरेको मानिने भनी उल्लेख गरेको छ । सोही कानुनले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने र वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्यलाई ओसारपसार गरेको मानिने भनी व्याख्या गरेको छ ।

यथार्थतामा “मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली २०६५” ले मानव बेचबिखन तथा ओसारपसारका सन्दर्भमा विकसित नयाँ अवधारणात्मक पक्षलाई समेत समेट्दै यौन व्यवसायका लागि हुने महिलाहरूको बेचबिखन सीमित घेरा भन्दा माथि उठी कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने, दास तुल्याउने र श्रम शोषण गर्ने आदि कार्यलाई अपराधको घेरामा ल्याउने कार्य मानवबेचबिखनको विरूद्धको हुने भनी गरेको व्यवस्थालाई एउटा फड्कोको रूपमा लिनुपर्ने हुन्छ ।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ का अलावा मानव बेचबिखन तथा ओसारपसारबाट उद्धार गरिएका पीडित/प्रभावितहरूका लागि शारीरिक तथा मानसिक उपचारसहित संरक्षण सेवा प्रदान गरी सामाजिक रूपमा पुनःस्थापना गर्ने र पारिवारिक पुनःस्थापना गराउने उद्देश्यले नेपाल सरकारको स्वीकृतिमा स्थापना गरिएका र गरिने पुनःस्थापना केन्द्रका काम कारवाहीलाई व्यवस्थित रूपले संचालन गर्ने र कार्यविधिगत प्रक्रियामा एकरूपता कायम गर्न "पुनःस्थापना केन्द्र संचालन निर्देशिका, २०६८" कार्यान्वयनमा आइसकेको छ । यसदेखि बाहेक मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती, स्वास्थ्य उपचार, मनोविमर्श, कानुनी सहायता, सीपमूलक तालिम, पुनःस्थापना र पुनःएकीकरण आदि लगायतका हेरचाह तथा संरक्षण सेवा प्रदान गर्दा पीडित/प्रभावितहरूको मानव अधिकारको आदर र संरक्षण, अविभेद, गोपनीयता, स्वनिर्णय र सहभागिता, निरन्तर हेरचाह, साधन स्रोतको समानुपातिक वितरण, बहुपक्षीय समन्वय, सुरक्षा, सेवामा पहुँच र आत्मसम्मान जस्ता अधिकार सुनिश्चित गर्ने उद्देश्यले "मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड, २०६८" जारी गरिसकिएको छ ।

मानव बेचबिचन बिशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ लाई यस सन्र्दभमा उल्लेख्य उपलब्धि मान्नु पर्ने हुन्छ । उक्त कार्य योजनाले मानव बेचबिखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढंगवाट नियन्त्रण गर्ने संयन्त्र र संरचनाहरूको सुदृढीकरण गर्ने, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणमा काम गर्ने सम्पर्क निकायहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने, अति जोखिम र जोखिममा रहेका समुदायहरूका लागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण कार्यलाई प्रबर्द्धन गर्ने, मानव बेचबिखन तथा ओसारपसार विरूद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धता अनुरूप साझा सवालहरूमा सरोकारवाला निकायहरूबीच सहयोग, समन्वय र सहकार्यलाई बढावा दिने, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानुनी संरचनाको माध्यमबाट दण्डहिनताको अन्त्य गरी प्रभावितलाई न्यायमा पहुँच पुऱ्याउने एवं सुशासन कायम गर्ने जस्ता उद्देश्य राखेको छ । यसका अलावा ७५ वटा जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयहरूबाट सचेतना वृद्धि र पीडितहरूलाई संरक्षण, पुनःस्थापना र पुनरएकीकरण सम्बन्धी सेवा दिँदै आइरहेको छ । साथै विभिन्न गैरसरकारी संस्थाहरूबाट निरोध, संरक्षण र कानुनी कारवाहीका क्षेत्रहरूमा सरकारलाई सघाउने किसिमका कामहरू भैरहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिमका कसूर नियन्त्रण गर्ने तथा पीडितलाई पुनःस्थापना गर्ने सम्बन्धी काममा सरकारी निकाय तथा गैरसरकारी संस्थाहरू बीच समन्वय समेत गर्नका लागि एक राष्ट्रिय समिति र सम्पूर्ण जिल्लाहरूमा जिल्ला समितिहरू गठन गरिएका छन् । राष्ट्रिय समितिलाई नीतिगत व्यवस्था र निर्णयका लागि जिम्मेवार बनाइएको छ भने जिल्ला समितिहरूले पीडितहरूलाई उद्धार, संरक्षण, पुनःस्थापना, पुनरएकीकरण जस्ता कार्यहरूमा सघाउ पुऱ्याउदै आएका छन् । नेपाल सरकारले राष्ट्रियस्तरको पुनःस्थापना कोषको व्यवस्था समेत गरेको छ जसमा ३ करोड रूपैयाँ भन्दा बढी रकम जम्मा भैसकेको छ । उक्त रकमबाट ८ वटा जिल्लाहरूमा पुनःस्थापना केन्द्रहरूको संचालन र भारतमा बेचिएका चेलिहरूको उद्धार गर्ने र उनीहरूलाई फर्काउने जस्ता कामहरू भैरहेका छन् ।

ऐन नियममा भएको व्यवस्था बमोजिम हालसम्म उद्धार गरिएका वा बेचबिखनमा परी फर्केका पीडितहरूलाई सेवा दिन सक्ने गरी काठमाडौ, सिन्धुपाल्चोक, कैलाली, झापा, पर्सा, रूपन्देही, चितवन र बाँकेमा नेपाल सरकार र विभिन्न गैर सरकारी संस्थाहरू बीचको साझेदारीमा एक-एक वटा पुनःस्थापना गृह सञ्चालन भइरहेका छन् । यसका अलावा माथि उल्लेख भए बमोजिमका जिल्ला समितिका पदाधिकारीहरूलाई मानव बेचबिखन तथा ओसारपसारको अवधारणा र समितिको काम कर्तव्य र अधिकारकाबारे अनुशिक्षण दिने कामले निरन्तरता पाइरहेका छन् ।

समग्रमा माथि उल्लेख गरिएका विभिन्न संवैधानिक, कानुनी, नीतिगत र कार्यक्रमगत व्यवस्थाहरूमध्ये मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई मानव बेचबिखन नियन्त्रणको प्रयासमा ठूलो उपलब्धी मान्नु पर्दछ जसले मानव बेचबिखनको नेपालको सन्दर्भको परिभाषा,

बेचबिखनका अपराधिहरूलाई दिइने सजायका प्रकृतिहरू, पीडित र प्रभावितहरूलाई राज्यका तर्फबाट दिइनुपर्ने सेवा र सुविधाहरू र प्रभावितहरूको पुनःस्थापना र पुनर्एकिकरण जस्ता विविध पक्षहरूलाई अन्तरदेशीय संगठित अपराध विरूद्ध महासन्धि (United Nations Convention Against Transnational Organised Crime) अन्तर्गतको ईच्छाधीन आलेख (Protocol to Prevent, Supress and Punish Trafficking in Persons, Especially Women and Children) का प्रावधानहरूसँग धेरै हदसम्म एकाकार गराएको छ।

## ६. मानव बेचबिखन विरूद्धका प्रयासहरूमा विद्यमान समस्याहरु

मानव बेचबिखन एउटा गंभीर अपराध भएतापनि यसको परिमाण र गहिराइको यथार्थता सहि तथ्यांकको अभावले प्राप्त गर्न सकिएको छैन। नेपाल-भारतका विभिन्न नाकाहरू र त्रिभुवन विमानस्थल हुँदै बेचबिखन गर्न तेश्रो मुलुक लैजान रोकिएकाहरूको संख्या र प्रहरीमा दर्ता हुने गरेका उजुरीहरु नै आजसम्म हाम्रा सूचनाका स्रोत हुने गरेको छ तर धेरै कम संख्यामा पीडितहरूको उजुरी दर्ताको प्रक्रियामा जाने गरेको यथार्थलाई मनन गरी एकीकृत तथ्यांक प्रणालीको स्थापनामा थप ध्यान पुऱ्याउनु पर्ने आवश्यकता रहेको छ। यसका अलावा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ मा व्यवस्थित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयको सुदृढीकरणको कार्यलाई अपेक्षित गति दिन नसकिएको स्थिति छ। साथै, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय लगायत अन्य कार्यान्वयन निकायहरूको क्षमता विकास गर्न नसकिएकाले स्थानीयस्तरमा मानव बेचबिखन विरूद्धका संघर्ष प्रभावकारी हुन नसकेको गुनासो छ। त्यस्तै, अन्तर मन्त्रालय समन्वयको अभाव, राष्ट्रिय समिति र जिल्ला समिति बीच पर्याप्त समन्वयको अभाव, कार्यान्वयन कार्ययोजना तयार गर्ने काममा सम्बद्ध मन्त्रालयहरूको पर्याप्त सहयोगको अभाव, राष्ट्रिय कार्ययोजनालाई बार्षिक बजेट र कार्यक्रमसँग आबद्ध गराउन नसकिनु र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग स्रोत र साधनको अभाव रहनु जस्ता कारणहरूले पनि थप समस्या सृजना गरेको स्थिति छ।

पीडितलाई कानुनी कार्यविधि र कानुनको बारेमा जानकारी नभएको; पीडितहरु सानो उमेरका भएको र उनीहरु चेतनशील नभएका कारणले आफू प्रति अन्याय भैरहेको छ भन्ने अनुभूति नै हुन नसकेको; अभिभावकहरूले नै मुद्दा मामिलामा नफस्न सुझाब दिने गरेको; पीडितहरु ताकत बिहिन भएकाले पीडकबाट डराउनु पर्ने स्थिति रहेको; लज्जा र सामाजिक परिवेशका कारण इज्जत जाने डर आदि कारणहरूले पीडितहरु प्रहरीसम्म ज्यादै कम संख्यामा पुग्ने स्थितिमा सुधार गर्न निरोधात्मक र कानुनी कारवाहीको क्षेत्रमा प्रभावकारिता आउन नसकेको परिप्रेक्ष्यमा सो को सुधार तर्फ पनि हामीले गम्भीर भएर लाग्नु पर्ने स्थिति रहेको छ। ३ वटा महत्वपूर्ण दस्तावेजहरु मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ र पुनःस्थापना केन्द्र संचालन निर्देशिका, २०६८ को पूर्ण कार्यान्वयन र सो कार्यान्वयन मार्फत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४ को परिपालनमा रहेका समस्याहरूको समाधान नै अहिलेको सन्दर्भमा ठूलो चुनौति हो।

## ७. नेपाल सरकारको तर्फबाट हाल भैरहेका प्रयासहरु

हाल महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेपाल सरकारका माथि उल्लिखित ३ वटा महत्वपूर्ण दस्तावेजहरूको कार्यान्वयनमा आफ्नो ध्यान केन्द्रित गरेको छ। हाल महिला तथा बालबालिकाहरूको बेचविखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन कार्ययोजना (Implementation Plan) तयार गर्ने कार्य भैरहेको छ। उक्त कार्यमा सम्बद्ध सरकारी निकायहरूलाई आ-आफ्नो निकायसंग सम्बन्धित बिषयहरूको कार्यान्वयन कार्ययोजना तयार गर्न अनुरोध गरिएको छ। राष्ट्रिय तथा जिल्ला समितिहरूको सदृढीकरण र क्षमता अभिवृद्धि बिना मानव बेचबिखन विरूद्धको यात्रालाई प्रभावकारी बनाउन नसकिने हुनाले केन्द्र तथा जिल्लाहरूको क्षमता विकास सम्बन्धी कामहरु पनि सूचारु भैरहेको छ। सही सूचना तथा तथ्यांकको अभावमा नेपाल सरकारको तर्फबाट गरिनुपर्ने सुधारका कार्यहरू प्रभावकारी रूपमा गर्न नसकिने हुँदा एकीकृत सूचना प्रणालीको विकासका लागि समेत पहल थालिएको छ।

माथि उल्लिखित रणनैतिक दस्तावेजहरु हालसम्म पनि स्थानीय स्तरसम्म पुग्न नसकेको तितो यथार्थतालाई नकार्न

सकिन्न । वास्तवमा उल्लिखित महत्वपूर्ण दस्तावेजहरूलाई सरल र सही ढंगले स्थानीय स्तरमा पुर्याउन सम्बन्धित सरोकारवालाहरूको भूमिका पनि अति महत्वपूर्ण हुने ठहर महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको छ । सँगसँगै जिल्ला प्रशासन कार्यालय र जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरूको क्षमता अभिवृद्धि उत्तिकै आवश्यक छ । साथै, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरू बीचको समन्वयमा अभिवृद्धि गर्नु पनि अपरिहार्य हुन्छ । मानव बेचबिखनको उद्गमस्थल स्थानीयस्तरका गाउँ, वडा र टोलहरू भएको परिप्रेक्ष्यमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ मा उल्लेख भए अनुसार स्थानीयस्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरू गठन गरी परिचालन गर्नु समेत आवश्यक देखिन्छ । सम्बन्धित सरोकारवाला निकायहरूले आफूहरूले सञ्चालन गर्ने कार्यक्रमहरूलाई मानव बेचबिखन विरूद्धको क्रियाकलापहरूसँग आवद्ध गराई कार्यान्वय गर्न सकेको खण्डमा महत्वपूर्ण उपलब्धि हासिल हुन सक्ने अपेक्षा समेत यस मन्त्रालयले राखेको छ ।

## ८. निष्कर्ष

कानुनी र नीतिगत प्रावधानहरूको व्यवस्था मात्र पर्याप्त हुन्न । तिनीहरूको उचित कार्यान्वयन सबैभन्दा महत्वपूर्ण पक्ष हो । माथि उल्लिखित तीन वटा दस्तावेजहरू- मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ का साथै मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणको लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ र पुनःस्थापना केन्द्र संचालन निर्देशिका, २०६८ को कार्यान्वयनका लागि सम्बद्ध सम्पूर्ण पक्षहरूको सहयोग, समन्वय र सहकार्य अति महत्वपूर्ण छ ।

मानव बेचबिखन विरूद्धको लडाईको मोर्चामा हामी सबै सामेल हुनुपर्ने आजको आवश्यकता भैसकेको छ । मानव बेचबिखन विरूद्धको लडाईका लागि Critical Mass तयार गरी मानव बेचबिखन विरूद्ध संगठित प्रहार हुनुपर्ने टड्कारो खाँचो छ। नेपाल सरकार, विकासका साझेदारहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू र सञ्चार माध्यमहरू बीच मानव बेचबिखन नियन्त्रण गर्ने लक्ष्यमा सहकार्य जारी छ । यस्तो सहकार्यलाई निरन्तरता दिनु पर्ने आजको आवश्यकता हो ।

(डा. रूपाखेती महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गतको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति सचिवालयका उप-सचिव हुनुहुन्छ ।)

● ● ●

**कविता**

# सावधान



● **अनिता अधिकारी**

शहर बजार गाउँघर चेली किन्ने दलाल
सोझा साझा चेली पर्छन् तिनकै जाल

शहरबाट आयो लाहुरे चेली खुशी भए
सुखको अनुभूति भयो मनमा दुःख जाने भए

मिठा मिठा कुरा गरी चेली तिनले फकाउँछन्
इण्डिया र इजरायलको लोभ देखाउँछन् ।

मिठो खाना राम्रो कमाई अनेक थरी भनेर
उमेर ढाँटी नागरिकता, पासपोर्ट बनाइ दिएर

दुई चार दिनमै चेली छैनन् गाउँ र शहरमा
रूवाबासी चल्न थाल्छ घरघरमा

कोही पुग्छन् इण्डिया त कोही कतार र इजरायल
रून्छन् चेली बाबा आमा भन्दै बरोबर

संगठित अपराध हो चेलीबेटी बेचबिखन
कोही पनि पर्न सक्छौं सावधान हौं पहिल्यै

# महिला हिंसा र कानुनी प्रभावकारिता



• लक्ष्मी कार्की

यस वर्षको महिला हिंसा विरूद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०) विश्वव्यापी र देशव्यापी रूपमा नै मनाई रहँदा, दुखको कुरा महिला हिंसाका ज्यादै डरलाग्दा घट्नाहरू उल्लेख्य रूपमा उजागर भए । यस १६ दिनभित्र विभिन्न सरकारी निकायहरूमा महिला हिंसासम्बन्धी ३,७३९ वटा उजुरी दर्ता भएका थिए । जसमध्ये प्रहरी प्रधान कार्यालयमा ३,३४३ राष्ट्रिय महिला आयोगमा १७१, काठमाण्डौ जिल्ला अदालतमा २३६ वटा दर्ता भएका थिए । त्यस मध्ये २,३४८ वटा महिलामाथि हुने घरेलु हिंसा थिए ।

हामी सबैलाई थाहा भएकै कुरा हो महिला तथा बालिका हिंसाका घटनाहरू सामाजिक संघ संस्थाहरू तथा राजनितीक पार्टी कार्यालयहरूमा समेत दर्ता गराइएका छन् । सहयोगका लागि तिनीहरू समक्ष निवेदन दिइएका छन् । अझ समाजबाट बाहिर नल्याइएका र दबाएर राखेका घट्नाहरूको संख्या कयौ छन् । यस्ता किसिमका घटनाहरूलाई नारा, भाषण र धर्नामा मात्र सिमित नराखी गम्भिरतापूर्वक हेरिनु पर्दछ ।

"वैदेशिक रोजगारबाट फर्केकी सिता राई (नाम परिवर्तन) त्रिभुवन विमानस्थल काठमाण्डौमा अध्यागमन कार्यालयका कारिन्दा र प्रहरीबाटै आर्थिक र शारिरीक लुटमा पर्नु, दैलेखकी एक महिलालाई श्रीमान्ले यौन अङ्गमा आगोले झोसी दिनु जस्ता घटनाहरूले सुन्ने जो कोहीलाई स्तबध बनाउँछ ।"

समाजमा महिला तथा बालिकाहरू माथि दिनप्रतिदिन घट्दै गइरहेको अपराधिक कृयाकलापहरूले महिला तथा बालबालिकाहरूको मानव अधिकार र स्वतन्त्रतामाथी नै गम्भिर प्रश्न चिन्ह खडा गरिदिएको छ । आज समाज मानव सभ्यताको एक्काइसौ शताब्दीको अन्त्यतिर आइपुग्दा समेत आफ्नै आमा, बाबु, दाजु, मामा, हजुरबुवा लगायतका नजिकका आफन्तहरूको हातबाट महिलाहरूले हत्या र हिंसाको शिकार बन्नु परेको बर्दियाकी शिवा हसिम, बाराकी विन्दु ठाकुरको घटनाले प्रमाणित गर्दछ । त्यस्तै ३ वर्ष, ५ वर्ष र ६ वर्षकी बालिकाहरू बलात्कृत भएका घटना सार्वजनिक हुनुबाट हाम्रो देशमा बालिकाहरू कत्तिको सुरक्षित छन् भन्ने प्रश्न चिन्ह उब्जन्छ । । वैदेशिक रोजगारवाट फर्केकी सिता राई (नाम परिवर्तन) त्रिभुवन विमानस्थल काठमाण्डौमा अध्यागमन कार्यालयका कारिन्दा र प्रहरीबाटै आर्थिक र शारिरीक लुटमा पर्नु, दैलेखकी एक महिलालाई श्रीमान्ले यौन अङ्गमा आगोले झोसीदिनु जस्ता घटनाहरूले सुन्ने जो कोहीलाई स्तब्ध बनाउँछ । यस्ता किसिमका अमानवीय र जघन्य अपराधलाइ न्युनीकरण गर्न अधिकारकर्मी, राज्यका सम्पूर्ण सम्बन्धित निकायहरू, पीडित र पीडितका परिवारका साथै समुदायका

सम्पूर्ण व्यक्तीहरु आ-आफ्नो ठाउंमा संवेदनशिल भएर पीडितलाइ न्याय दिलाउन र अपराधीलाई सजाय दिलाउन अर्थात निस्पक्ष रूपमा अधिकार र कर्तव्यको पालना गर्न गराउन आजैबाट लागी पर्न अत्यन्त जरूरी छ ।

हिंसाका धेरै घटना त बाहिरै आउँदैनन् । सार्वजनिक भएका कतिपय घटनाहरूलाई उजुरी लिने निकायले अस्वीकार गरिदिने पनि नभएका हैनन् । अपराधको निस्पक्ष छानविन नहुँदा एवं अपराधीलाई कानुनको दायरामा नल्याउँदा पीडित र पीडितका परिवार लगायत अधिकारकर्मी समेत निराश बन्ने गरेको पाइन्छ ।

महिला हिंसा हुने मुख्य स्थान भनेको घर नै हो किनकी छोरीले भ्रुण अवस्था देखि नै विभेदको सामना गर्नु पर्छ । छोरीको भ्रुण हत्या, बालविवाह, बलात्कारको पीडा देखि अन्य धेरै शारीरिक तथा मानसिक यातनाको शिकार आफ्नै जन्मघर देखि सुरू हुन्छ । त्यसकारण समानता सम्मानको सुरूवात घरबाटै हुन जरूरी छ जसका लागि सामाजिक सचेतना र सशक्तिकरण लगायतको अत्यन्तै आवश्यकता छ ।

वास्तवमा महिला महिला भएर स-सम्मान साथ बांच्न पाउनु पर्छ । महिला बच्चा जन्माउन सक्ने र बच्चालाई स्तनपान गराउन सक्ने विशेष गुण सम्पन्न भएकोले अझ सम्मानित हुनु जरूरी छ । अन्य केही कुरामा पनि कमजोर हुदैनन् महिलाहरु । धैर्यता र सहनशिलतामा त महिला उच्च छिन् । तर समाजमा पितृसत्तात्मक र सामन्ती सोंचको फलस्वरूप घरभित्र देखि महिलाहरूले लैङ्गीक विभेदमा पर्ने देखि चरम हिंसाको सामना गरिरहनु परेको अवस्था छ ।

अतः के भन्न सकिन्छ भने महिलामाथि हुने हिंसा र शोषण विरूद्ध बनेका धेरै राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन, सन्धि सम्झौता र निती नियमहरूको व्यावहारिक रूपमा कार्यान्वयनको टड्कारो खाँचो छ । महिलामाथि हुने हिंसा, हत्या र जुनसुकै किसिमको शोषण नियन्त्रण नभएसम्म महिलाहरूको समृद्धि, दिगो विकास र शान्ती स्थापना हुन असम्भव छ । तसर्थ आजैदेखि सबै तह र तप्काका महिला र पुरूषहरूले आफ्ना छोरी, दिदी, बहिनी र आमाको संरक्षण एवं अधिकार रक्षाका लागि लागिपर्नु आवश्यक भइसकेको छ ।

(लेखक एटविनका अध्यक्ष हुनुहुन्छ ।)

● ● ●

कविता

## नखाऔं हरेस कहिल्यै



**शान्ति लामा**
**शक्ति समूह**

कोपिला हामी कोपिला छुनु छ एकदिन आकाशको चन्द्रमा
नखाऔं हरेस कहिल्यै पुग्नु छ आफ्नो लक्षमा ।
दर्द पीडामा शिक्षाको मलम लगाउँदै जाउँ,
खुसिको दिन आउँछ एकदिन हाम्रै पक्षमा ।

नबसौं हामी लुकेर मनभरी पीडा बोकेर,
दिलाऔं सजाय दलाललाई जन्मकैद तोकेर ।
गरौं बहिस्कार मतियारलाई सजाय पनि दिलाई,
नछाडौं अपराधी कसैलाई चाहे जोसुकै भएपनि ।

केही गरि देखाउने इच्छा छ यही समाजमा
नखाऔं हरेस कहिले पुग्नु छ भने लक्षमा ।

सन्देश केवल मेरा आम प्रभावित दिदीबहिनीलाई,
शक्ति समूहको ढोका खुल्ला छ सदा सदालाई ।

जीवन रस हो खेर नफाल, जीवन प्रेम हो दान नगर ।
जीवन मृत्यु हो छल नगर ।
जीवन स्वतन्त्र छ साथी कर नगर, जीवन कठोर छ साथी संघर्ष गर ।
जीवन कच्चा छ साथी भर नपर ।

# महिला सुरक्षित भए समाज सुरक्षित हुन्छ



• विमला ज्ञवाली

"शिक्षाले सीप, ज्ञान र दृष्टिकोणहरू विकास गर्दै लैजाने हुनाले जीवनयापनका विकल्पहरूको खोजी गर्न सिकाउँछ । शिक्षाबाट मानिसले जीवन र जगतका बारेमा नयाँ सोँच र चिन्तनहरू बढाउँदै लैजान्छन् ।"

१. विषय प्रवेश

सन् २०१२ को वर्षमा क्षेत्रीय तथा विश्वव्यापी चर्चा पाएका विषयहरु मध्ये महिला तथा बालिका विरूद्धका हिंसाहरु विशेषतः बलात्कारको विषय एक महत्वपूर्ण हुन पुग्यो । पाकिस्तानमा तालिवानहरूले एक किशोरी माथि गरेको आक्रमणको चर्चा सेलाउन नपाउदै भारतको नयाँ दिल्लीमा भएको सामूहिक बलात्कार र पीडितको मृत्युको घटनाले सर्वत्र रोष फैलायो । यी घटनाहरूले विश्वको ध्यान तान्न सफल भए । नेपालमा पनि महिला विरूद्धका हिंसाका कटु यथार्थहरु एकपछि अर्को गर्दै उजागर भैरहेका छन् । बाबुले आफ्नै छोरीलाई बलात्कार गरेको देखि लिएर पारिवारिक मिलोमतोमा छोरीलाई जलाएर मार्ने जस्ता पाशविक घटनाहरु सार्वजनिक भएका छन् । महिला हिंसा विरूद्धमा देशमा ढिलै भएपनि नागरिक समाज जागरूक देखिन थालेको छ । सञ्चार जगत्ले यस्ता घटनाहरूलाई प्रमुखताका साथ प्रकाशित गरिरहेका छन् र महिला विरूद्धका हिंसाको बहसले निरन्तरता पाइराखेका छन् ।

छिमेकी देश भारतमा बलात्कारी विरूद्ध कडा कानुन बनेको छ भने नेपालमा पनि कडा कानुनका लागि दबाब सिर्जना भैरहेको छ । यसरी अहिले राष्ट्रिय र क्षेत्रीय स्तरमा महिलाका विषयहरु सर्वोपरी चर्चामा छन् । राज्यका संयन्त्र सहित समाजका सबै तप्काबाट एकै पटक महिलाका सवालहरु उठान भएको सम्भवतः यो पहिलो पटक हो । यस प्रकारका जागरूकताले समाजमा दीर्घकालसम्मका लागि कुनै न कुनै प्रभाव छाडेर जाने नै छन् र प्रभाव सकरात्मक हुनेछ ।

महिलाप्रति समाज अझ पनि अनुदार र असहिष्णु रहिरहेको र महिला स्वयम् पनि सशक्त नभइरहेको फलस्वरूप महिला विरूद्धका हिंसामा कमी नआएको देखिन्छ । महिलालाई मनोरञ्जनका साधन र भोग्यका रूपमा लिने सामाजिक संस्कारका कारण नै महिला असुरक्षित भएका हुन् । बुझ्नु पर्ने कुरा के हो भने समाजमा महिला असुरक्षित भए भने सम्पूर्ण समाज नै असुरक्षित हुन जान्छ । महिलालाई आदर गर्ने र समाजका महत्वपूर्ण अंशका रूपमा लिने संस्कारको विकास गरियो भने महिला मात्र होइन समग्र समाज नै सुरक्षित हुन्छ । यसका लागि सम्पूर्ण समाज र विशेषगरी महिला स्वयम् जागरूक हुन जरूरी छ । जागरण शिक्षाबाट आउँछ । यस छोटो लेखमा

महिला जागरण र शिक्षाको सम्बन्धलाई थप प्रष्ट्याउने प्रयास गरिएको छ ।

## २. मानव जीवनमा शिक्षाको महत्व

शिक्षा मानव जीवनको सर्वतोमुखी विकासको आधारशीला हो । आजको वैज्ञानिक र सूचना प्रविधियुक्त दुनियाँमा औपचारिक र अनौपचारिक कुनै न कुनै रूपबाट शिक्षा आर्जन गरेर मात्र स्व-पहिचान र सम्मानीत जीवनको अपेक्षा गर्न सकिन्छ ।

शिक्षाले सीप, ज्ञान र दृष्टिकोणहरू विकास गर्दै लैजाने हुनाले जीवनयापनका विकल्पहरूको खोजी गर्न सिकाउँछ । शिक्षाबाट मानिसले जीवन र जगतका बारेमा नयाँ सोंच र चिन्तनहरू बढाउँदै लैजान्छन् । यी सब कुराको जीवनमा थप अनगिन्ती सकरात्मक प्रभावहरू पर्दै जान्छन् । मानिस सशक्तीकृत, निडर र प्रतिशपर्धी हुन्छ ।

## ३. शिक्षा र महिला सशक्तिकरण

समग्र मानव जीवनलाई रूपान्तरण गर्ने हतियार नै शिक्षा हो । औपचारिक शिक्षा आर्जन गरेको प्रमाणपत्रहरू मात्र शिक्षित हुनुका सूचक होइनन् । मानिसहरूले अनौपचारिक शिक्षाबाट प्राप्त गरेका ज्ञान र सीपबाट पनि जीवनलाई विकल्पहरूले परिपूर्ण र आत्मविश्वासी बनाउन सक्तछन् । वास्तवमा शिक्षाबाट पाइने एउटा विशेष उपलब्धी भनेको सशक्तीकरण नै हो । यस अर्थमा महिलाहरूको सशक्तीकरणका लागि पनि शिक्षा एकमात्र विकल्प रहेको छ । महिला सशक्तीकृत भए भने उनीहरू परनिर्भर भैरहनु पर्दैन । उनीहरू अवला होइन सवला बन्ने छन् र उनीहरू विरूद्धका हिंसाको न्यूनीकरणमा पनि सहयोग पुग्नेछ ।

## ४. शिक्षा र सहभागिता

सहभागिता व्यक्तिको सम्मानको आधार र सशक्तीकरणको एक व्यवहारिक उपाय हो । मानव अधिकारको वृहत सन्दर्भमा सहभागितालाई अधिकारका धारकले आफ्नो अधिकार उपयोग गर्ने एक सशक्त माध्यमका रूपमा लिन्छ । त्यसो त सहभागिता आफैंमा मानव अधिकारको लक्ष्य समेत हो । अर्थपूर्ण सहभागिताका लागि व्यक्तिलाई सशक्त गरिनु जरूरी छ भने सहभागिताको अवसरले उनीहरूलाई थप सशक्त बनाउँछ । महिलाहरूको हकमा पनि सहभागिता ज्यादै महत्वपूर्ण सवाल हो । सहभागिताको संस्कार परिवारबाट आरम्भ हुनु पर्दछ जो फैलदै वरिपरीको समाज र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म पुग्नेछ ।

नेपालमा महिला सहभागिताको प्रसंग जोड्दा हाल नेपालका ग्रामीण क्षेत्रमा समेत केही हदसम्म महिला सहभागिता बढेको पाइन्छ । परिवारमा महिलाहरूलाई धेरै हदसम्म सम्मान बढेको छ भने गाउँ समाजमा हुने विकास निर्माण र निर्णय प्रक्रियामा महिलाहरूको सहभागितालाई अनिवार्य जस्तै मानिन थालिएको छ । यसमा हाल राज्यले लिएको ३३ प्रतिशत महिला सहभागिताको नीतिले पनि धेरै हदसम्म काम गरेको हुन सक्तछ ।

यसरी सहभागिता बढ्नुमा महिला तथा बालिका शिक्षाका लागि सरकारी तथा गैरसरकारी क्षेत्रका प्रयासहरू पनि उत्तिकै जिम्मेवार रहेका छन् । उनीहरू एकातिर अनौपचारिक ढंगबाट व्यवहारिक ज्ञान र सीपले दक्ष भैरहेका छन् भने अर्कोतिर साक्षर/शिक्षित पनि भैरहेका छन् । 'काला अक्षर भैंसी बराबर' ठान्ने र 'भो, पढेर के हुन्छ र !' भनेर मन मार्ने महिला दिदीबहिनीहरूले आफ्नो नाम सजिलै लेख्ने, केही व्यवहारिक हिसाब किताव राख्न सक्ने र पुस्तकमा भएका कुराहरू खररर पढ्न सक्ने हुनु चानचुने कुरा होइन । उनीहरूका यी ज्ञान, सीप र शिक्षा आफूहरूलाई सुरक्षित राख्ने सुरक्षा कबज समेत बनेका छन् । यसले पहिलो कुरा त उनीहरूमाथिको बर्बर घरेलु हिसा हटेको छ, कथं भैहाले पनि उनीहरू गाउँसमाजमा आफूलाई परेको पीरमर्का उठाउन सक्ने भएका छन् । दोहन्याइ रहनु नपर्ला ग्रामीण महिलाहरूमा आएको यो जागरण शिक्षा रूपी धारिलो हतियारले नै ल्याएको हो । अब हाम्रो सरोकार अझ पनि सामाजिक रूपमा पुछारमा रहेका र यस परिवर्तनले छुन नसकेका महिलाहरू माथि केन्द्रित हुनु पर्दछ । उनीहरूमा आत्मविश्वास जगाउँदै शिक्षित बनाउनु पर्दछ जसले स्वतः सहभागिता रूपी अवसरको ढोका खोली दिने छ । यसरी अझ पनि पछाडि परेका महिलाहरूको ठूलो पंक्ति सुरक्षित बन्ने छ ।

## शिक्षाले महिलाको जीवनमा ल्याएका परिवर्तनका उदाहरणहरू

यतिबेला समाजका विभिन्न क्षेत्रमा स्थापित र सम्मानित जीवन बाँचिरहेका महिलाहरूको यो स्थिति शिक्षाकै कारण

हो । तर वहाँहरु मध्ये अधिकांश महिलाहरूका विगत शिक्षा प्राप्तिका लागि संघर्ष गर्नु परेका गाथाहरूले भरिएका छन् । जेहोस् ज्ञान र सीपले दक्ष यी महिलाहरु अरू महिला तथा बालिकाहरूका लागि प्रेरणाका स्रोत हुनुहुन्छ । यस क्रममा हिरो एक्टीङ टु एण्ड मोर्डन-डे स्लेभरी अवार्ड २०११ बाट सम्मानीत चरिमाया तमाङ् तथा आफू संक्रमित भएको सार्वजनिक गरी अन्य संक्रमितहरूको हौसला बढाउन क्रियाशील गोमा राई लगायत शक्ति समूहमा आवद्ध साथीहरु स्मरणयोग्य हुनुहुन्छ । वहाँहरूको बहादुरी र सौर्यको कथा सलाम योग्य छन् । महिला विरूद्धको हिसाको एउटा क्रुर स्वरूप मानव बेचबिखनको पञ्जाबाट छुटेर समाजलाई सचेत गराउन वहाँहरूले आ-आफ्नो क्षेत्रबाट दिइरहनु भएको योगदान अतुलनीय छ । यस प्रकारको तागत बढ्नुमा पछिल्लो चरणमा वहाँहरूले प्राप्त गर्नु भएको सीप, ज्ञान र शिक्षा आधारस्तम्भका रूपमा रहेका छन् ।

ती दिनलाई सम्झना गर्दा शक्ति समूहमा आवद्ध कतिपय साथीहरूले शिक्षाका लागि गरेको अथक मेहनतको सम्झना हुन्छ । ती आरम्भका संघर्षका दिनमा वहाँहरूले शिक्षाका लागि गरेको मेहनतले गर्दा नै वहाँहरु आज आत्मनिर्भर हुन सक्नु भएको छ । वहाँहरु मध्ये केही अमेरिका लगायतका देशहरूमा आफ्नो व्यवसायीक जीवन बिताइरहनु भएको छ भने अधिकांश स्वदेशमा नै रहेर महिला विरूद्धका हिसा विशेषतः महिला तथा बालबालिका बेचबिखन विरूद्धको अभियानमा क्रियाशील रहँदै बेचबिखनका प्रभाभितहरूद्वारा सञ्चालित सम्भवतः संसारकै पहिलो संस्था शक्ति समूहलाई नेतृत्व दिइरहनु भएको छ ।

हाल म सिविसको अध्यक्षका रूपमा घरेलु श्रमिक बालबालिकाहरु विशेषतः बालिकाहरूको जीवनमा शिक्षाले ल्याएको परिवर्तनलाई नजिकबाट हेरिरहेकी छु । कसैको अगाडि पर्न पनि लजाउने र बोल्न पनि धक मान्ने नानीहरु अहिले धक फुकाएर बोल्न सक्षम बनेका छन्, आफ्ना कुराहरु निर्धक्क राख्न सक्ने भएका छन् । उनीहरूमा आएको यतिमात्र परिवर्तनले पनि उनीहरु आफूलाई सुरक्षित राख्न सक्नेछन् । असुरक्षित भैहाले कसलाई भन्ने के गर्ने भन्ने सीप सिकिसकेका छन् ।

यसरी जीवनमा शिक्षा नै सर्वोपरी हो भन्ने कुरा हाम्रै वरिपरीका उदाहरणहरूले पुष्टि गरिसकेका छन् । शिक्षा रूपी हतियार जीवनको प्रारम्भिक चरणमा नै पाउने अवसर पाएको भए हाम्रा दिदी बहिनीहरु सायद बेचबिखन जस्तो अमानवीय चंगुलमा पर्नु पर्दैन थियो, घरेलु श्रमिक बनेर बस्नु पर्ने थिएन ।

६. अन्तमा

शिक्षा बिना समुन्नत मानव जीवनको परिकल्पना गर्न सकिंदैन । यसैले शिक्षालाई मानिसको आधारभूत मानव अधिकार भित्र राख्ने गरिन्छ । यसरी मानिसको नैसर्गिक अधिकार भित्रको शिक्षा सबैको पहुँच भित्र हुनु पर्दछ र सबैले पाउनु पर्दछ भन्ने मान्यता रहँदै आएको छ । यसका लागि प्रयास पनि भैरहेका छन् तर अहिलेसम्म पनि शिक्षा सबैको पहुँच भित्र नहुनु विडम्बनापूर्ण छ । विदितै छ, शिक्षा विहिनताको स्थितिमा रहेकाहरू मध्ये महिला तथा बालिकाहरूको संख्या अधिक छ । महिलाहरूको यही अवस्थाले नै उनीहरु विरूद्धका हिंसालाई बढवा दिइरहेको छ ।

अबका दिनमा महिलाहरूलाई सशक्त बनाउन, उनीहरूको वास्तविक सहभागिता बढाउन र उनीहरूलाई हिसाबाट जोगाउनका लागि 'महिला तथा बालिका शिक्षित राष्ट्र शिक्षित' र 'शिक्षित महिला सुरक्षित समाज' भन्ने नाराहरूलाई स्थापित गर्नु पर्दछ । र महिला तथा बालिका शिक्षालाई अभियान कै रूपमा अगाडि बढाउनु पर्दछ ।

सन्दर्भ सामग्री


- शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ-नेपाल) द्वारा प्रकाशित 'म' हुनुको कथा ।
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा प्रकाशित सशक्तीकरण पत्रिकाको २०६९ असार अङ्क ।
- घरेलु श्रमिक नानीहरु र शक्ति समूहका साथीहरूको संगत र छलफल ।
- विभिन्न वेव साइटहरु ।


(लेखक सिविसका अध्यक्ष हुनुहुन्छ ।)

# मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनी व्यवस्था र कार्यान्वयनको अवस्था



• विष्णुमाया भुसाल

> व्यवहारमा हेर्दा भारतसँगको खुला सिमानाका कारण बार्षिक ७ हजारको हाराहारीमा नेपाली महिला तथा बालिकाहरू भारतमा बेचिने गरेको तथ्यांक छ भने हाल आएर खाडी मुलुक लगायत युरोप, अमेरिका हुँदै अहिले चीनमा समेत नेपाली महिलाहरूको बेचबिखन हुने गरेको विभिन्न संस्थाहरूले गरेको अध्ययन प्रतिवेदनले देखाएको छ ।

१. पृष्ठभूमी

मानव वेचबिखन तथा ओसारपसारलाई एउटा गम्भिर प्रकृतिको फौजदारी अपराधको रूपमा विभिन्न देशहरूले परिभाषित गरेको छ । यो योजनाबद्ध, सुनियोजित, षडयन्त्रमुलक एवं मनसायपूर्वक गरिने अपराध हो जसलाई पिडकले लापर्वाही र हेलचेक्राईपूर्वक गर्न र घटाउन सक्दैनन् । नेपालको सन्दर्भमा बेचबिखन अपराधलाई परम्परागत रूपमा दासप्रथा, राजामहराजाहरूका दरबारहरूमा सुसारे, नर्तकी, धाईको नाममा राखिने चलनको विकसित रूपमा पनि हेर्ने गरेको भेटिन्छ । नेपाली समाजमा लिच्छवि, मल्ल, शाहकाल आदिदेखि नै रहेको परम्परागत चलनको रूपमा रहेको मानव बेचबिखन २००७ सालको क्रान्तिपछि राणाहरूका दरबारहरूको विघटनसँगै यो अपराधले भारतीय यौन बजारमा प्रवेश पाएको बताइन्छ ।

नेपालका ग्रामीण भेगका निरक्षर एवं सोभा चेलीहरूलाई विभिन्न प्रलोभनमा पारी वा विवाह गर्ने बहानामा भारतका ठूला शहरहरूमा बेचिन थाले । २०४६ साल पछि नेपालको राहदानी वितरणमा भएको खुकुलो नीतिका कारण वैधाानिक तरिकाबाट तेस्रो मुलुकमा श्रमिक कामदाको रूपमा पठाउने उद्देश्यले खास गरी महिला तथा बालिकाहरू बेचबिखन तथा श्रम शोषणको सिकार भएका पाइएका छन् । अब बेचबखनको समस्या भारतमा मात्र नभएर तेश्रो मुलुकमा समेत बिस्तार भइसकेको छ भने आन्तरिक रूपमा पनि शहरहरूका रेष्टुरेन्ट र डान्सबारहरूमा महिला तथा बालिकाहरू यौनशोषणको सिकार हुँदै आइरहेकाछन् । नेपालमा मानव बेचबिखन सम्बन्धी ऐन, नियम, नीति तथा निर्देशिकाहरू बनेका छन् । कानुनहरू पनि समय सापेक्ष परिमार्जन नभएका भने हैनन् तर व्यवहारमा कानुनको उचित कार्यान्वयन नभएको तथा आम जनता समक्ष कानुन तथा नीति नियमहरूको बारेमा जानकारी हुन नसकेको तथा भएपनि फितलो अनुसन्धान प्रक्रियाका कारण पिडकहरूले उन्मुक्ति पाउदै गएको र पीडितहरू भने पीडित हुदै गएको अवस्था छ । तसर्थ वर्तमानमा भएका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका कानुनी व्यवस्था र कार्यान्वयनको अवस्थाको बारेमा प्रस्तुत लेखमा प्रकास पार्न खोजिएको छ ।

**२. मानव बेचबिखन सम्बन्धी नेपाली कानुनी व्यवस्थाहरू**

यो परम्परागत अपराध भएको कारण यसलाई नियन्त्रण गर्न पहिलो पटक लिखित रूपमा वि.स. १९१० सालको मुलुकी ऐनमा व्यवस्था गरिएको थियो । यसले विदेशमा कमारा कमारीको मानिसलाई बिक्री गर्ने र महिलालाई बेच्नेलाई कडा सजायको व्यवस्था समेत गरेको थियो । त्यस्तै, १९८२ सालमा दास प्रथा अन्त्य भएपछि १९९२ सालमा कुनैपनि नेपाली नागरिकलाई विदेशमा लगेर बेचबिखन गरेमा ७ बर्षसम्म कैदसम्मको व्यवस्था गरेको थियो । त्यसपछि यस अपराधलाई सम्बोधन गर्नका लागि मुलकी ऐन २०२० मा जिउ मास्ने बेच्ने सम्बन्धी छुट्टै महलको व्यवस्था गरियो । यसले पनि समय सापेक्ष अपराधलाई सम्बोधन गर्न नसकेका कारण र अपराधको गम्भिरतालाई छुट्टै कानुनका रूपमा सम्बोधन गर्नका लागी जिउ मास्ने बेच्ने नियन्त्रण सम्बन्धी ऐन २०४३ आयो जसले मानव बेचबिखनको समस्यालाई केही हदसम्म सम्बोधन गर्ने प्रयास गर्‍यो । २०४६ सालको जन आन्देलन पछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले पनि मानव बेचबिखनलाई सम्बोधन गरेको पाइन्छ । जीउ मास्ने बेच्ने नियन्त्रण ऐन २०४३ करिब १९ बर्षसम्म लागु भएपछि यसले समय सापेक्ष तथा अन्तर्राष्ट्रिय स्तरमा भएका नयाँ विधिशास्त्रलाई समेट्न नसकेको र नेपालले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धिहरूलाई समेत अनुमोदन गरेको कारण सोही अनुरूप कानुनमा पनि संसोधन गर्नुपर्ने भएका कारण मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा आएको छ । यिनले मानव अधिकारको दृष्टिकोणबाट पीडितको संरक्षण तथा पिडकलाई कार्वाही गर्नका लागि सकारात्मक व्यवस्थाहरू गरेको छ । नियमावलीले यस अपराधलाई नियन्त्रण गर्नका लागि राष्ट्रिय स्तरमा मानव बेचबिखन तथा ओसापसार सम्बन्धी राष्ट्रिय कार्यसमिति तथा ७५ जिल्लामै जिल्लास्तरीय कार्यसमितिहरू गठन भइसकेको छ ।

यो अपराधलाई नियन्त्रणका लागि फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानुनी संरचनाका माध्यमहरूबाट दण्डहिनताको अन्त्य गरी प्रभावितलाई न्यायमा पहुँच पुर्‍याउने तथा महिला तथा बालबालिकाहरूको बेचबिखनको समस्या समाधान गरी सुशासन कायम गर्ने उद्देश्यले नेपाल सरकारले राष्ट्रिय कार्य योजना २०६८ बनाएको छ । तर यसको कार्यान्वयनको अवस्था एक वर्ष पनि नपुगेको कारण यसको समीक्षा गर्न बाँकी नै रहेको छ । त्यस्तै, पीडितहरूको संरक्षणको लागि सरकारले पुनःस्थापना केन्द्र संचालन मापदण्ड निर्धारण गरेको छ । हालसम्म ८ वटा जिल्लाहरूमा केन्द्रहरू संचालनमा समेत ल्याएको छ ।

**३. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ तथा नियमावली २०६५ कार्यान्वयनमा देखिएका समस्याहरू:**

मानव बेचबिखन सम्बन्धी ऐन, नियमावलीहरूको कार्यान्वयनका लागि सरकारले सकरात्मक प्रयासहरू गरेको छ । यसले पीडितहरूलाई संरक्षण, उचित क्षतिपूर्ति सहितको न्याय, पुनःस्थापना तथा पुर्नमिलनको व्यवस्था गरी पिडकलाई कानुनी दायरामा ल्याई कडा रूपमा कैद तथा जरिवानाको समेत व्यवस्था गरेको छ । तर व्यवहारमा हेर्दा भारतसँगको खुला सिमानाका कारण बार्षिक ७ हजारको हाराहारीमा नेपाली महिला तथा बालिकाहरू भारतमा बेचिने गरेको तथ्यांक छ भने हाल आएर खाडी मुलुक लगायत युरोप, अमेरिका हुँदै अहिले चीनमा समेत नेपाली महिलाहरूको बेचबिखन हुने गरेको विभिन्न संस्थाहरूले गरेको अध्ययन प्रतिवेदनले देखाएको छ । कानुन र नियम राम्रा बने पनि यसको प्रभावकारी कार्यान्वयन तथा उचित सरकारी अनुगमन, नियन्त्रण र रेखदेखको अभावमा मानव बेचबिखनमा कमी आउन सकेको छैन । अनुसन्धान निकायहरू महिला मैत्री नहुनु तथा मैत्रीपूर्ण व्यवहारहरू हुन नसकेका कारण पीडितहरू उजुरी गर्न चाहदैनन् । अदालतको ढिला सुस्तीका कारण पीडितले न्याय प्राप्तीको लागी वर्षौं कुर्नुपर्ने स्थिति छ । अनुसन्धान गर्ने प्रहरी, सरकारी वकिल तथा अदालत पीडित महिलाका मुद्दामा संवेदनशील हुन सकिरहेका छैनन् । भएका ऐन कानुन बारे सचेतना कम भएका कारण पनि विगत १० बर्षमा अदालतमा बेचबिखन विरूद्ध अत्यन्त न्यून संख्यामा मुद्दा दर्ता भएको महान्याधिवक्ताको कार्यालयबाट प्राप्त अभिलेखले जनाउँदछ । पिडकहरू कानुन भन्दा एक कदम अगाडि रहेर अपराधका नयाँ तरिकाहरू प्रयोगमा ल्याइरहेका छन । हिजो गाउँमा विवाहको प्रलोभन देखाई बेचिने प्रचलन आज आर्थिक उपार्जनका लागि वैदेशिक रोजगारमा बदलिन पुगेको छ । वर्तमान अस्थिर राजनैतिक प्रणालीको फाइदा उठाई

पिडकहरू मुक्त हुने परिपाटीका कारण समाजमा दण्डहिनताको संस्कृति मौलाउदै गएको छ । कानुन जतिसुकै राम्रो बनेता पनि प्रभावकारी कार्यान्वयनको अभावमा यसको कुनै अर्थ रहदैन । प्रहरी कार्यलयभित्र महिलाका मुद्दा हेर्न महिला तथा बालिबालिका सम्वन्धी छुट्टै सेल रहेको छ तर अपराध अनुसन्धान सम्बन्धी पर्याप्त ज्ञानको कमी, कानुन तथा नीतिहरूको बारेमा स्पष्ट रूपमा जानकारी नभएका कारण पीडितका मुद्दाहरू ओझेलमा रहेका छन् ।

मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ ले मानव बेचबिखन तथा ओसारपसार कार्यको परिभाषा फराकिलो ढंगबाट गरेको छ । तर व्यवहारमा भने यदाकदा यस ऐनले तोकेको व्यवस्थाको प्रयोग नगरी अरू नै ऐनहरूको प्रयोग गरेर न्याय सम्पादन गर्ने गरेको भेटिन्छ उदाहरणका लागि काठमाण्डौमा क्याबिन रेष्टुरेन्टहरू तथा मसाज पार्लरहरूमा कम उमेरका महिला कामदारहरूलाई यौन व्यवसायको रूपमा प्रयोग गरेको पाइन्छ । निजहरू विरूद्ध उजुर परेमा प्रहरीले पक्राउ पर्ने खासगरी महिला कामदारहरू विरूद्ध सार्वजनिक स्थानमा हो हल्ला तथा अशान्ती गर्ने भनी सार्वजनिक अपराध सजाय ऐन अर्न्तगत मुद्दा चलाउने गरेको छ । व्यवहारमा जिल्ला प्रसासन कार्यलयको अनुमतिले २५ दिनसम्म तिनिहरूलाई थुनामा राखेर अनुसन्धान गर्ने, त्यसपछि सरकारी वकिलले अभियोग जिल्ला प्रसासन कार्यलयमा दर्ता गरेपछि न्यूनतम धरौटीमा छुटी सञ्चालकहरूले उनीहरूलाई पुनः वेश्यावृतिमा लगाएका उदाहरणहरू प्रसस्त छन् । संचालकहरूलाई यस ऐन अनुसार मुद्दा चलाएर कार्वाही नथालेसम्म यस क्षेत्रमा हुने महिलाहरूको बेचबिखनको सिलसिला पनि रोकिनेवाला छैन ।

**समाधानका उपायहरू**

- सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि छुट्टै बजेटको विनियोजन र साधन स्रोतको व्यवस्थापन गरी स्थानीयस्तरका सरोकारवालाहरूसँग समन्व गरी सामुदायिक रेडियो कार्यक्रम, आमा समूह तथा बाल क्लबहरु मार्फत प्रभावकारी कानुनी सचेतना कार्यक्रम संचालन गर्न जरूरी छ ।
- वैदेशिक रोजगारमा जाने महिलाहरूलाई राहदानी वितरण गर्दा अनिवार्य रूपमा कानुनी परामर्श दिइनु पर्छ । हालैमात्र जिल्ला प्रशासन कार्यालय नुवाकोटले वैदेशिक रोजगारमा जाने महिलाहरूका लागि राहदानी बनाउन आउँदा परामर्श गरेर मात्र राहदानीको फारममा छाप लगाउने प्रक्रियाको थालनी गरेको पाइयो । यसले वैदेशिक रोजगारमा जाने महिलाहरू बेचबिखनमा पर्ने कुरालाई न्युनीकरण गर्न सहयोग पुऱ्याउनेमा निकै आशा गर्न सकिन्छ । यस्तो प्रावधान नेपाल सरकारले ७५ जिल्ला तथा परराष्ट्र मन्त्रालय राहदानी वितरण शाखा तथा एयरपोर्ट अध्यागमन विभागमा पनि कडाइका साथ लागु गर्न सकेको खण्डमा यो अपराध न्युनीकरण फलदायी साबित हुन सक्दछ ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५ अनुसार राष्ट्रिय कार्यसमिति तथा ७५ वटा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला कार्यसमिति गठन भइसकेको छ । त्यसलाई साधन स्रोत सम्पन्न गराउन सकेको अवस्थामा गाविस स्तरसम्म कार्यदल गठन गरी जनचेतनाका कार्यक्रमहरू संचालन गर्नसक्ने अवस्था रहेको छ ।
- प्रभावितहरूको एकीकृत तथ्यांक आउन सकिरहेको छैन । सरकारको तर्फबाट एकीकृत रूपमा तथ्यांक प्रणालीको विकास गर्न सकेको खण्डमा उनीहरूको संरक्षण गर्न राज्यलाई सजिलो हुनेछ । उनीहरूको आवश्यकता पहिचान गरी रोजगारीका अवसरहरूको खोजी गरी आत्मर्निभर बनाउन सकिन्छ ।
- प्रभावित तथा साक्षीको सुरक्षा सम्बन्धी कानुन यथासक्य बनाउन जरूरी छ ताकि प्रभावितहरूले न्याय पाउन सक्ने सम्भावनामा वृद्धि होस् ।
- प्रभावितहरूलाई हेर्ने सामाजिक दृष्टिकोणमा परिवर्तन जरूरी छ । उनीहरूलाई समाजमा सम्मानपूर्वक व्यवहार गर्नुपर्ने अर्को टड्कारो आवश्यकता पनि हो ।
- कानुनको पालन गर्ने जुन सुकै व्यक्तिले पनि आफ्नो कामको जिम्मेवारी लिने तथा जवाफदेही हुनुपर्ने कुराको सुनिश्चित्ता हुनुपर्दछ ।
- अनुसन्धान गर्ने निकाय जस्तै प्रहरी कार्यालय,

सरकारी वकिल कार्यालय, अदालत लगायतका निकायहरूमा महिला सहभागीता बढाउदै क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्न सकिन्छ ।

- भ्रष्टाचार तथा ढिलासुस्ती गर्नेहरूको पहिचान गरी विभागीय कारवाही गरी प्रभावितहरूलाई न्यायमा छिटो छरितो पहुँच दिलाउनु जरूरी छ ।

निष्कर्ष :

मानव बेचबिखन खास गरी महिला तथा बालिकामा केन्द्रित रहेर घटिरहेका छन् । यसलाई सम्बोधन गर्नेको लागि मुलकी ऐन १९१० देखि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ सम्म आइपुग्दा अपराधको परिष्कृत स्वरूप सँगसगै कानुनमा व्यापक परिवर्तन भएको छ । सरकारले यस अपराधलाई नियन्त्रण गर्न ७५ जिल्लाहरूमा विभिन्न संयन्त्रहरू निर्माण गरिरहँदा पनि अपराध नियन्त्रणमा उल्लेखनीय सफलता हासिल गर्न सकेको छैन । हाल आएर वैदेशिक रोजगार मार्फत बेचबिखनको समस्या बढ्दै छ । सरकारले नीति निर्देशिका तथा कार्ययोजना बनाएको त छ तर त्यसलाई कार्यान्वयन गर्नका लागि प्रर्याप्त बजेट विनियोजन गर्न जरूरी रहेको छ । स्थानीय स्तरमा समेत कानुनी सचेतना तथा पीडित तथा अन्य महिलाहरूलाई आय आर्जनका काममा संलग्न गराउन सकेको खण्डमा यो समस्या न्यूनीकरण गर्न सकिन्छ भनेर आशा गर्न सकिन्छ ।

(लेखक अधिवक्ता हुनुहुन्छ ।)

● ● ●


## शुभ कामना

मानव अधिकार, महिला अधिकार, सामाजिक न्याय, शान्ति तथा सुशासनका क्षेत्रमा लामो समय देखि क्रियाशील एटविनका सदस्य संस्था जागरण नेपालका संस्थापक अध्यक्ष, **श्री शर्मिला कार्की ज्यू**, गैसस महासंघको इतिहासमा पहिलो पटक महिला नेतृत्व गर्दै अध्यक्षको गरिमामय पदमा निर्वाचित हुनु भएकोमा वहाँको सफल कार्यकालका लागि हार्दिक **शुभकामना ।**



**लक्ष्मी कार्की**
अध्यक्ष
**एटविन**

# बेचबिखनबाट प्रभावितहरूको सामाजिक पुनःस्थापना, विद्यमान कानुनी व्यवस्था तथा यसको कार्यान्वयनको अवस्था



पूजा महतो

"महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको २०५२ सालमा स्थापना भए यता मानव बेचबिखन विरुद्धको नीति योजना तथा कानुनको तर्जुमाबाट सबै सरोकारवालाहरू एकत्रित भई यस विरुद्धमा लाग्ने वातावरण सृजना हुँदै आइरहेको छ ।"

मानव बेचबिखन विश्वव्यापी समस्या हो जसबाट नेपाल पनि अछुतो रहन सकेको छैन । अझ भन्ने हो भने मानव बेचबिखनका लागि नेपाल एउटा स्रोत देशको रूपमा आइरहेको छ । विभिन्न संघसंस्थाहरूले अनुमान गरे अनुसार वार्षिक १० हजार देखि १५ हजार महिला तथा किशोरीहरू भारतमा बेचबिखनमा पर्ने गरेका छन् । यसैगरी मानव अधिकार आयोगको महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन २००९/१० का अनुसार लगभग ५ हजार २ सय १० महिला तथा बालबालिकाहरूलाई मानव बेचविखन र सोका उद्देश्यले लगिएको उल्लेख छ ।

हाल आएर बेचबिखन विशेष गरी नेपालका आन्तरिक बजार (काठमाडौं, पोखरा) जस्ता ठूला सहरी क्षेत्रहरूमा तथा वैदेशिक रोजगारका नाममा पनि मानव बेचबिखन तथा ओसारपसार भैरहेको छ । नेपालमा सन् १९९० को दशकदेखि मानब बेचबिखन विरूद्ध योजनाबद्ध प्रयास हुँदै आइरहेको छ । विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सभा सम्मेलनहरूमा पनि नेपालले मानव बेचबिखन नियन्त्रणका लागी विभिन्न प्रतिबद्धताहरु जाहेर गर्दै आइरहेको छ । यसैगरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको २०५२ सालमा स्थापना भए यता मानव बेचबिखन विरूद्धको नीति योजना तथा कानुनको तर्जुमाबाट सबै सरोकारवालाहरु एकत्रित भई यस विरूद्धमा लाग्ने वातावरण सृजना हुँदै आइरहेको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ ले प्रभावितहरूको अवधारणालाई आत्मसात् गर्नुका साथै उनीहरूका लागि पुनःस्थापना केन्द्रहरूको स्थापना तथा संचालन, पुनःस्थापना तथा स्वदेश फिर्ती प्रक्रियाका लागि कोषको व्यवस्था गर्नुका साथै मानव बेचबिखन विरूद्धको राष्ट्रिय तथा जिल्ला स्तरीय समितिहरूको गठन आदिको व्यवस्था गर्दै आइरहेको छ । यसै क्रममा बेचबिखन प्रभावितहरूलाई शारिरीक, मानसिक तथा सामाजिक सुरक्षा तथा संरक्षण सेवा प्रदान गरी सामाजिक पुनस्थापना गर्ने उद्देश्यले र नेपाल सरकारको स्वीकृतिमा संस्थाहरूले स्थापना गरेको पुनःस्थापना गृहको काम कार्वाहीलाई व्यवस्थित गर्न पुनःस्थापना संचालन निर्देशिका २०६८ जारी गरेको छ ।

त्यसैगरी मानव बेचबिखन प्रभावितहरूको स्वदेश फिर्ती, हेरचाह तथा संरक्षण सेवा, पुनःस्थापना र पुनर्मिलन तथा पुनःएकिकरण आदि क्षेत्रहरूमा हेरचाह तथा संरक्षण, समानता, गोपनियता, सहभागिता तथा व्यक्तिगत आवश्यकताहरूमा

आधारित हेरचाह तथा आत्मसम्मान जस्ता प्रत्यक्ष सरोकार राख्ने विषयहरूको स्तरीकरण गरी मानव अधिकार सुनिश्चित गर्ने उद्देश्यले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड २०६८ जारी गरेको छ । तथापि उद्वार, स्वदेश फिर्ती, हेरचाह तथा संरक्षण एवं पुनःस्थापना तथा पुनर्मिलन प्रक्रियामा सरोकारवाला गैसरकारी संघरसंस्थाहबाट एउटै प्रक्रिया अपनाएको देखिंदैन जसले गर्दा प्रभावितहरूले पाउने सुविधाको स्तरमा पनि विभिन्नता देखिने गरेको छ । नेपाल सरकारको आर्थिक सहयोगमा गैरसरकारी संस्थाहरूले संचालन गरेको आवास गृहमा पनि न्यूनतम मापदण्डका आधारभूत पक्षहरु समावेश भएको देखिंदैन।

बेचबिखन प्रभावितहरूले सुरक्षित र संरक्षित जीवनशैली हासिल गर्न धेरै चुनौतीहरूको सामना गर्नु परिरहेको अवस्था छ । आफूले भोगेका कटु अनुभवहरूबाट मनोवैज्ञानिक समस्याका साथसाथै परिवार तथा समुदायबाट समेत उनीहरूले लाञ्छना सहनु पर्ने र भेदभावको सामना गर्नु परिरहेको छ जसबाट उनीहरु पुनः बेचबिखनको उच्च जोखिममा छन् । धेरैजसो प्रभावितहरूमा समाजको सम्मानित र मर्यादित सदस्यको रूपमा एकिकृत हुन आवश्यक पर्ने आत्मविश्वास, आत्मसम्मान, संचार र सामाजिक सीपहरूको अभाव रहेको पाईन्छ । त्यसैगरि सामाजिक सीपहरू सिक्ने उमेरमा बेचबिखनमा पर्नु परेको कारणले यी सीपहरू सिक्नबाट उनीहरु वञ्चित भइरहेका छन् जसले गर्दा उनीहरूलाई जीवन उपयोगी सीपहरु सिकाउनु पनि अत्यन्त जरूरी देखिन्छ जुन कुरा उनीहरुलाई पुनःस्थापना गृहमा सिकाउन अनिवार्य छ ।

त्यसैगरि आफ्नो जीवनको योजना निर्माणमा पनि प्रभावितहरु पूर्णरूपमा सहभागी हुनुपर्ने जरूरी छ । प्रभावितहरूका लागि अन्य संस्थाका कर्मचारीहरूले योजना नबनाई प्रभावितसँग हातेमालो गरी उनीहरूकै प्रत्यक्ष सहभागितामा योजना बनाउनु जरूरी छ जुन उनीहरूको भविष्यको योजना साबित होस् । कतिपय अवस्थामा प्रभावितहरूका लागि आवासगृहका कर्मचारीहरूले नै योजना बनाइदिने समेत गरेकाले कतिपय कार्यक्रम तथा तालिमहरूमा प्रभावितहरूलाई अपनत्वको भावना नरहने हुँदा सामाजिक पुनःस्थापना प्रभावित हुन सक्ने सम्भावना उत्तिकै रहन्छ ।

नेपाल सरकारले पुनःस्थापना केन्द्र संचालन निर्देशिकामा उल्लेख गरे अनुसार उद्धार, पुनःस्थापना, सीपमुलक तालिम, मनोविमर्श, पुनःएकिकरण लगायतका अन्य कुनै पनि सेवा संरक्षित व्यक्तिलाई सहज र निशुल्क उपलब्ध गराइने छ भन्ने उल्लेख छ जुन कुरा कार्यान्वयन हुन अझै बाँकि छ किनभने नेपाल सरकारको आर्थिक सहयोगमा संचालन भएका केन्द्रहरु लगायत अन्य संघसंस्थाहरु आफैले संचालन गरेको पुनःस्थापना गुहहरूमा पनि यो सुविधा सहज रूपमा उपलब्ध भएको देखिंदैन ।

बेचबिखनबाट प्रभावितहरूप्रति समाजको नकारात्मक दृष्टिकोण भएकै हुनाले उनीहरूलाई समुदायमा पुनर्मिलन गराउन समस्या पर्ने गरेको तथ्यलाई नकार्न सकिंदैन । साथै, उनीहरु मनो-सामाजिक समस्यामा पर्ने गरेका कारण सीप सिक्न, सीपको सही प्रयोग गर्न र काम गर्ने ठाँउमा संचार सीपको समस्याले गर्दा अन्य व्यक्तिलाई भन्दा कठिनाई भोग्न पनि प्रभावितहरु बाध्य हुनुपर्ने अवस्था छ ।

संस्थाहरूमा बसेर मनोविमर्श सेवा दिने व्यक्तिहरु पनि आवश्यक योग्यता नभएका भटिने गरेका कारण प्रभावितहरूले सही मनोविमर्श सेवा पाउन सक्दैनन् जसले गर्दा पुनर्मिलन प्रक्रिया प्रभावकारी हुदैन । त्यसैगरी प्रभावितहरूको मानसिक स्वास्थ्यलाई प्रभावकारी सुधार गर्नु पनि उत्तिकै आवश्यक छ । कानुनी प्रक्रियालाई बलियो बनाउनका लागि पारिवारिक सहयोग एवं कानुनी परामर्श आवश्यक छ । कानुनी परामर्श सही रूपले उपलब्ध नभएको खण्डमा कानुनी प्रक्रियामा गैसकेका समूहहरु असफल हुने संभावना बढी रहन्छ । शक्ति समूहको अनुभवलाई हेर्दा वृहत कानुनी परामर्श र पारिवारिक मनोविमर्श पश्चात दर्ता गरिएका मुद्दाहरु प्रभावितका पक्षमा सत प्रतिशत सफलता हासिल गरेको देखिन्छ जसको ज्वलन्त उदाहरण सिन्धुपाल्चोक जिल्ला अदालतले चेलीबेटी बेचबिखनको अपराधमा सोही जिल्लाका बजिरसिंह तामाङलाई १७० वर्षको जेल सजायको फैसाला तोकेको घटनाबाट पुष्टी हुन्छ । तर कतिपय अवस्थामा भने परिवार र प्रभावित तयार भइसकेको अवस्थामा पनि बेचबिखनका दलाललाई राजनैतिक संरक्षण हुने गरेका कारण प्रचलित कानुन पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अवस्था छिपेको छैन ।

अन्तमा के भन्न सकिन्छ भने मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि न्यूनतम राष्ट्रिय मापदण्ड २०६८ तथा पुनःस्थापना संचालन निर्देशिका २०६८ प्रभावकारी रूपमा कार्यान्वयन भएमा प्रभावितहरूको सामाजिक पुनःस्थापना प्रक्रिया फलदायी हुनेमा कसैको दुइमत हुने छैन ।

(महतो शक्ति समूहकी होस्टेल संयोजक हुनुहुन्छ ।)

● ● ●

# मुम्बई अपरेशन हामीले गरेको कामको बेस्ट प्राक्टिस थियो

श्री गौरी प्रधान सन् १९६२ अगस्टमा सिन्धुपाल्चोक जिल्लामा जन्मनु भएको हो । मानव अधिकारको आन्दोलनमा श्री प्रधान विद्यार्थीकालदेखि नै संलग्न हुनु हुन्थ्यो । वहाँ नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन) को संस्थापक अध्यक्ष हुनुहुन्छ । बालअधिकार विषयक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूमा आबद्ध प्रधानले बाल अधिकार, महिला एवं मानव अधिकार सम्बन्धी विभिन्न पुस्तकहरु लेख्नु भएको छ । हाल वहाँ राष्ट्रिय मानव अधिकार आयोगका आयुक्त एवं प्रवक्ता हुनुहुन्छ । ओसारपसारका लागि बेनुमाया गुरूङले माननीय गौरी प्रधान ज्यूसँग लिनु भएको विशेष अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।


तस्विर सौजन्यः अनिल अधिकारी

**प्रश्न १ बालबालिका, महिला तथा मानव अधिकार क्षेत्रमा कहिलेदेखि क्रियाशिल हुनुहुन्छ ?**

खासमा म नेपालको लोकतान्त्रिक र मानव अधिकार आन्दोलनसँग गासिएको हुँदा मानव अधिकारका विषयवस्तुहरूमा महिला तथा बालबालिकाहरूका सवालहरूलाई गाँसेर सगसंगै लानुपर्छ र यसलाई प्राथमिकतासाथ उठाउनु पर्दछ भनेर प्रारम्भिक दिनहरूमा आवाज उठाउने कामहरूमा संलग्न रहेको थिएँ । त्यस हिसाबबाट भन्नुपर्दा यस क्षेत्रमा लागेको कम्तिमा पनि २५ वर्ष बित्यो ।

**प्रश्न २ यस क्षेत्रमा लाग्न तपाईलाई के ले प्रेरित गऱ्यो ?**

कुनै व्यक्ति विशेष वा घटनाले भन्दा मानव अधिकारको क्षेत्रमै मेरो संलग्नताका कारण नै म यस क्षेत्रमा छु । भारतमा आप्रवासी नेपालीहरूको विभिन्न कार्यक्रममा भाग लिइराख्ने क्रममा मुम्बई, दिल्ली, कलकत्ता जस्ता ठाउँहरु जाँदा थुप्रै नेपाली चेलीबेटीहरु त्यहाँ बेचिएका सुन्यौं । केही आप्रवासी नेपालीहरूले त्यस्ता चेलीबेटीहरूलाई कहिलेकाहीं सहयोग गर्थे, केहीले उद्धार गरेर नेपाल फर्काउने गर्थे तर अभियान र

> **"सन् १९९० को शुरुका दिनमा नेपालका चेलीबेटी र बालबालिकाहरूको बेचबिखनको विषयमा मैले भारतका विभिन्न शहरहरूमा अनुसन्धान गरेर *नेपालमा चेलिबेटी देहव्यापार यथार्थ र चुनौती* भन्ने एउटा पुस्तक बजारमा ल्याएँ ।"**

आन्दोलनको रूपमा चेलीबेटी बेचबिखनको मुद्दा खासै अगाडी बढेको थिएन । थुप्रै चेलीबेटीहरू नेपालबाट भारतको भूमिमा बेचिंदा रहेछन् भन्ने बुझियो । सन् १९९० को शुरूका दिनमा नेपालका चेलीबेटी र बालबालिकाहरूको बेचबिखनको विषयमा मैले भारतका विभिन्न शंहरहरूमा अनुसन्धान गरेर नेपालमा चेलीबेटी देहव्यापार यथार्थ र चुनौती भन्ने एउटा पुस्तक बजारमा ल्याएँ । लगत्तै मैले रोड टु बम्बई शिर्षकको घटना अध्ययन् प्रकाशन गरें जसले अन्तर्राष्ट्रिय चर्चा पनि बटुल्यो । चेलिबेटी बेचबिखनको सम्बन्धमा त्यसबेला सबैभन्दा प्रभावित जिल्लाहरू नुवाकोट, सिन्धुपाल्चोक र मकवानपुरको भ्रमण गरेर यो अभियानलाई जागरूक रूपमा अगाडी बढाउनुपर्छ भन्ने विषयमा मानवअधिकार आन्दोलनका सहकर्मीहरूसँग छलफल चलायौं । खासमा प्रेरणाको जग त्यहींबाट शुरू भएको हो भन्नुपर्छ ।

**प्रश्न ३. सन् ९० को दशकमा भएको मुम्बई अपरेशनले बेचबिखनबाट प्रभावित नेपाली किशोरीहरूको सामाजिक पुनःस्थापनामा महत्वपूर्ण भूमिका खेलेको मानिन्छ । त्यस सम्बन्धमा यहाँको अनुभव के छ ?**

सन् १९९६ मा मुम्बइमा १८ वर्षमुनीका युवतीहरूलाई विभिन्न रेड लाइट क्षेत्रहरूबाट मुक्त गरियो र ती मध्ये २३८ जना नेपालीहरू थिए भन्ने कुरा विभिन्न सञ्चार माध्यमहरूमा आयो । तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले डेलिगेसन गएका मानव अधिकारवादी साथीहरूलाई सहयोगको आश्वासन दिनु भयो । हामीहरू मुम्बई गयौं र नेपाली चेलीहरूसँग भेटघाट गऱ्यौं । उनीहरूलाई विभिन्न ७ वटा केन्द्रहरूमा राखिएको थियो । केही चेलीहरूले रेडलाइट एरियामै फर्कने चाहना राखे, आधा जतिले नेपाल नै फर्कन खोजे ।

उनीहरूले आफूहरूलाई बेच्नेहरू जम्मै नेपाली भएको बताए । हामीले उनीहरूलाई सम्झाई बुझाई गरेर नेपाल ल्यायौं र पछिल्लो चरणमा हामीले एटविनलाई स्थापना गऱ्यौ । प्रभावितहरू मध्येबाट शक्ति समूहको गठन भयो । शक्ति समूह संसारकै पहिलो संस्था होला जहाँ प्रभावितहरू आफैले आफ्नो हक अधिकारको निम्ती आवाज उठाउदै आइरहेका छन् । फर्काइएका बहिनीहरूको सामाजिक एकीकरण पनि भयो । आज तिनै बहिनीहरू यो आन्दोलनको अग्र भागमा बसेर आवाजहरू उठाइराखेका छन् । अन्तर्राष्ट्रिय सम्मानहरू पनि पाइराखेका छन् जसको एउटा उदाहरण चरिमाया (अनु) तामाङलाई लिन सकिन्छ ।

**प्रश्न ४ यस अपरेशनबाट उद्दार गरिएका चेलीहरुको पुनःस्थापनामा देखिएका समस्याहरुको बारेमा कस्तो अनुभव रह्यो ?**

मुम्बई अपरेशनबाट हामीले धेरै कुराहरू सिक्यौ । त्यो एउटा शिक्षा पनि थियो । हामीले गरेको कामहरू मध्ये बेस्ट प्राक्टिस पनि थियो । यतिधेरै चेलीबेटीहरूको एकैचोटी आफ्नो देशमा पुनःस्थापना आफैमा नौलो अनुभव पनि थियो ।

रेस्क्यू अपरेशन भनेको अप्ठ्यारोमा परेकोलाई जबरजस्ती लिएर आउनु मात्रै होइन । त्यसको पूर्व तयारीमा धेरै कामहरु गनुपर्ने हुन्छ । प्रभावितहरूसँग परामर्श गर्नुपर्छ । उनीहरूको बारे जानकारीलाई मसिनो ढङ्गले अध्ययन गर्नुपर्दछ । तर नेपाल ल्याइसके पछि हामीले धेरै अप्ठ्याराहरु पनि भोग्यौ । शुरूमा सहयोग गर्छु भन्ने सरकारले एचआइभि एड्स भित्रायो भन्ने आरोप लगायो । सञ्चारकर्मी पत्रकार मित्रहरु पनि सूचनाहरूलाई कसरी व्यवस्थित रूपमा समाजमा लैजाने भन्दा पनि घटना र प्रभावितहरूलाई कसरी सनसनीपूर्ण बनाउने भन्ने तिर लागे । डाक्टरहरु एचआइभी टेष्ट गर्न नमान्ने, पुनःस्थापना गृह वरपरका छिमेकीहरूले पनि ल हाम्रो टोल छिमेकहरु आँखा सन्काउने र लिपिष्टीक पाउडरहरु लाएर झ्यालमा बस्नेले समाजै बिगार्ने भए भन्न थाले । गाउँमा बेचबिखनमा परेकालाई गाउँमा राख्न हुन्न भन्थे । तर ती व्यवधानहरूको बाबजुद पनि बिस्तारै र संयमित भएर काम गर्दै जाँदा समाजमा सकारात्मक परिवर्तन पनि देखायो ।

**प्रश्न ५. त्यस अपरेशनले के कस्ता सामाजिक परिवर्तनहरू ल्यायो ?**

बिस्तारै परिवर्तनहरु आएको छ । प्रभावितहरूले सामाजिक स्वीकृति पाएको प्रमुख रूपले देखेको छु । मानिसहरूले हिजो कोठीमा बेचिएकी चेली भनेर हेयको दृष्टिले हेर्थे आज प्रभावित चेलीहरूले संसारमै आफ्नो सामाजिक पहिचानलाई स्थापित गरेको उदाहरण छ । समाजका बुद्धिजिवी वर्ग, पेशाकर्मी, नीति निर्माता, सञ्चारकर्मी, विद्यार्थी र मुख्य रूपमा सरकारी संयन्त्रले पनि चेलीबेटी

बेचबिखनसँग सम्बन्धित विषयहरुमा प्रभावितहरूलाई स-सम्मान सहभागी गराउँदै आएका छन् जुन ज्यादै सकारात्मक पाटो हो । हिजो एचआइभि प्रभावित भनी हेयको दृष्टिले हेर्ने, एचआइभि परिक्षण गर्न हिचकिचाउने स्वास्थ्यकर्मी आज प्रभावित महिलाहरूसँग हातेमालो गर्दै रक्त परिक्षण र रक्तदान कार्यक्रममा सरिक भएको देखिन्छ । विभिन्न सामाजिक संघ, संगठन र कार्यालयहरूले प्रभावितहरूको रोजगारी सुनिश्चित गरिदिएका छन् । प्रभावितहरूले देश र विदेशमा घरजम गरेर स-सम्मान जीवनयापन गरेको कतिपय उदाहरणहरु छन् । तर अझै पनि हाम्रो समाजमा मानव बेचबिखन सम्बन्धी थुपै भ्रमहरू विद्यमान छन्, त्यसलाई विस्तारै चिर्दै जानु पर्दछ ।

**प्रश्न ६ प्रभावितहरुको पुनःस्थापनामा देखिएका समस्याहरुलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

बालबालिका र महिला एक पटक जोखिमा परिसकेपछि पटक पटक पीडित हुने सम्भावना उत्तिकै रहन्छ । स्वास्थ्य जाँच/उपचार प्रक्रिया, उजुरी एवम् न्याय प्राप्ती, मनोवैज्ञानिक परामर्श, सूचना प्रवाह, सुरक्षा सतर्कता, वासस्थान र हेरचाहका सवालहरूमा अझैपनि गम्भिर हुनुपर्ने अवस्था छ ।

मनो-सामाजिक दृष्टिकोणले राम्ररी बुझ्न नसक्नु, प्रभावित पक्ष, साक्षी र अभियन्ताहरूको सुरक्षाको समस्या छ । साक्षी र पीडितहरूलाई सुरक्षा गर्ने त्यस्तो सुरक्षा गृहहरूको राम्ररी बस्दोबस्त छैन । राष्ट्रिय मानव अधिकार आयोगले पनि सहयोग माग्ने निकाय सरकार नै हो । सरकारसँग त्यस्तो सुरक्षित ठाँउहरु छैन । सुरक्षा गृहको कुरा गर्दा ठूलो भवन ठूलो होम भन्दा पनि एउटा सुरक्षित र विश्वासको वातावरण भएको हुनुपर्छ जुन अभाव छ । गोपनियताको अधिकार पनि रक्षा होस् भन्ने कुरा हामीले गर्नुपर्दछ । एटविन जस्तो अभियानले किशोरी शिक्षामा जोड दिनु पर्दछ । किशोरी अवस्थामा देखि नै उसमा सचेतना भयो भने यो कुरालाई रोकथाम गर्न सहयोग गर्न मिल्छ ।

**प्रश्न ७ चेलीबेटी बेचबिखनको हिजो र आजको अवस्थामा के भिन्नता पाउनु भएको छ ?**

हिजोका दिनहरुमा नेपालका केही जिल्लाहरु र केही गाउँहरु मात्र प्रभावित थियो । तर अहिले हेर्नुस् नेपालको कुनै पनि जिल्लाहरु बेचबिखनको समस्याबाट अछुतो छैन । विगतमा भारत नेपालको गन्तव्य स्थान थियो, अहिले थुप्रै तेश्रो मुलुकहरु भएका छन् । हिजो एउटा गैर कानुनी तरिकाले चेलिबेटीहरु बेचबिखनमा पर्थे, अहिले त कतिपय अवस्थामा कानुनी तरिकाले बाहिर जाने र त्यस पछाडी उनीहरूलाई गैर कानुनी या गलत र इच्छा विरूद्ध धन्दाहरुमा लगाउने गरिन्छ । हिजो नागरिकता र पासपोर्टको सवालै थिएन, अहिले जिल्ला जिल्लाका प्रशासन कार्यालयहरुमा १६ वर्षै नपुगेका चेलीहरूको नागरिकता र पासपोर्ट लिने भीड देखिन्छ ।

एकातिर चेलीबेटी बेचबिखनको कुरा छ अर्कोतिर महिलाहरूको स्वतन्त्र स्थानागमन (Migration) को अधिकारको कुरा छ । कानुनी तरिकाले दिनहुँ उनीहरूको स्थानागमन भइरहेको छ तर गैरकानूनी तरिकाले उनीहरूको बेचबिखन पनि भएको थुप्रै उदाहरण छ ।

हिजोका दिनहरुमा चेलिबेटी बेचबिखनका प्रभावितहरूलाई एउटा कल्याणकारी दृष्टिकोणबाट हेरिन्थ्यो । बिचरा यिनीहरू बेचिएछन् अब खुवाउने पियाउने व्यवस्था गर्नुपर्‍यो, केही लुगा र औषधी दिनुपर्‍यो भन्ने सोंचमा मानिसहरूले काम गर्दथे । तर शुरूको दिनदेखि एटविन वा त्यस पछाडी शक्ति समूहको अवधारणाहरु हेर्नु भयो भने हामीले बेचबिखनलाई एउटा आन्दोलन, एउटा संघर्ष र सामाजिक अभियानको रूपमा लग्यौं । यो चुप लागेर बस्ने मुद्दा होइन, यस अपराधको विरूद्ध लड्नुपर्छ, प्रभावितहरूलाई जोगाउनु पर्दछ र उनीहरूलाई राष्ट्रिय अन्तराष्ट्रिय सम्मानका साथ अगाडी बढाउनु पर्दछ भन्ने जुन सोंच थियो त्यो अहिले अनुमोदन हुँदै गएको छ । असाध्यै परोपकारी र कल्याणकारी ढंगले काम गर्नेहरूले पनि अहिले परम्परागत सोंच र व्यवहारमा परिवर्तन ल्याएका छन् । चेलीबेटी बेचबिखनको मुद्दा एक सामाजिक अपराध र मानव अधिकारको गम्भीर उल्लंघन हो । तसर्थ त्यसको नियन्त्रण र रोकथामको विषयलाई सोही मुताबिक हुनुपर्दछ ।

**प्रश्न ८. महिला तथा बालबालिका बेचबिखन विरुद्ध राष्ट्रिय मानव अधिकार आयोगको प्रयास के छ ?**

बेचबिखनको विषयलाई प्राथमिकता दिन राष्ट्रिय मानव अधिकार आयोगले आजभन्दा ५, ७ वर्ष अगाडि देखि नै

समाधिक्षक राखेर त्यस विषयमा गम्भीर अध्ययन-अनुसन्धान गर्दै आएको छ । यसले वार्षिक प्रतिवेदनहरु राष्ट्रिय मानव अधिकार आयोगमा बुझाउँछ । त्यसबाट हामीहरु हाल विद्यमान प्रवृत्ति र अवस्थाबारे विश्लेषण गर्दछौं र हाम्रा उपलब्धि र चुनौतिका बारे व्याख्या गर्दछौं । नयाँ चुनौतीहरुका बारेमा हामी कुरा गर्दछौ । के के हाम्रो कमजोरी भयो, राजनैतिक, कानुनी र सामाजिक पुनः एकिकरणको प्रक्रियामा कहाँ कमजोरी भयो भन्ने प्रतिवेदन पनि हामीले सम्पूर्ण सरोकारवाला साथीहरुसँग बसेर छलफल गरेर त्यो अगाडि ल्याइ नै राखेका छौं । यो निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

यसदेखि बाहेक हरेक देशमा सरोकारवाला संघसंस्थाहरुको सञ्जाल हामीसँग छ । हामीकहाँ रिपोर्ट हुने घटनाहरुमा सम्बन्धित देशका राष्ट्रिय मानव अधिकार आयोगसँग छलफल गर्दछौ र आवश्यक कार्वाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्छौं ।

**प्रश्न ९. मानव बेचबिखनको न्यूनीकरणमा संघ संस्थाले कसरी प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ ?**

समाजका सचेत सबैजना मानव बेचबिखनको न्यूनीकरणमा संलग्न हुनुपर्दछ । सरोकारवाला व्यक्ति र संस्थाहरूले मानव बेचबिखनको क्षेत्रमा देखिएको फेरबदल र बेचबिखनका स्वरूपहरुमा आएको परिवर्तनका कुराहरु, दलालहरुको संजालमा आएको परिवर्तनका कुराहरु, जुन अहिले विश्वव्यापी एउटा अंशको रूपमा समेटिएका कुराहरु छन् ती सबै कुरालाई विश्लेषण गरेर अगाडि बढ्नु पर्दछ । अब खाली एउटा संस्था चलाउने, दुइचारवटा पीडितहरुलाई पहिलेको नारी कल्याण गृहको जस्तो अवधारणाबाट नभई सामाजिक अभियानलाई यसमा अपराध विरूद्धको अभियानको रूपमा लाग्नु पर्दछ । पछिल्लो चरणमा हाम्रै देशको सम्मानित अदालतहरुबाट पनि संवेदनशील भई यस क्षेत्रमा महत्वपूर्ण फैसला भएका छन् । तिनका पूर्ण व्यवस्थापन हुनुपर्दछ । राजनैतिक पार्टीहरुले पनि खाली सत्ता स्वार्थको मात्रै कुरा नगरी यस खाले अपराध विरूद्ध अभियान चलाउनु पर्दछ । सामाजिक संघसंस्थाहरुको सञ्जाल र सहकार्यमा तिब्रता ल्याउनु जरूरी छ । सामाजिक सचेतना अभियानमा अझैं तेजी ल्याउनु पर्दछ ।

• • •



# समावेशी शिक्षाको अभाव र शैक्षिक बेरोजगारका कारण सक्रिय जनशक्तिको ठूलो हिस्सा विदेशिन बाध्य



• भानु पराजुली

निजी र सामुदायिक विद्यालयको पठनपाठनको अन्तरविरोध, अस्थायी शिक्षकहरूको समस्या, गुणस्तर सुधारको लागि चाहिने विद्यालय व्यवस्थापन लगायत पाठ्य पुस्तक समयमा नपुग्नु र विषयहरुको छनौट, प्राविधिक शिक्षामा जोड र सामुदायिक भावना र सरोकारवालाहरूको चासोमा आएको मतभेदले उद्देश्य पूरा गर्न कठिन जस्तै बनेको छ । यसको कारक भने राजनीतिक अस्थिरता प्रमुख रहेको शिक्षाविदहरूको मतैक्य रहँदै आएको छ ।

## पृष्ठभूमि

मानव सभ्यताको विकास क्रममा शिक्षाले अहम भूमिका खेलेको सर्वविदितै छ । मानवीय विकासका कुरा गर्ने बित्तिकै संसारभर वैज्ञानिक र व्यावहारिक शिक्षा अग्रस्थानमा आउन थाल्यो । विकसित मुलुकको विकासका चरणहरूमा राज्य यति गम्भीर बने कि बालबालिका शिक्षामा विषेश जोड दिए । विश्व मानवले उन्नती प्रगति गर्न सकेको एकमात्र कारण गुणस्तरीय शिक्षा र जनसवलिकरण नै मुख्य हो ।

राष्ट्रको उन्नती प्रगतिको आधार त्यस देशका नागरिकहरुले प्राप्त गर्ने शिक्षाको स्तरले निर्धारण गर्दछ । सन् १९९० हुदै सन् २००० मा विश्व समुदायहरू "सबैका लागि शिक्षा" र "सहस्राब्दी विकास लक्ष्यहरू" का माध्यमबाट सन् २०१५ सम्म विकासका आधारभूत लक्ष्य पुरा गर्ने प्रतिबद्धताका साथ लागिपरेका छन् । विकसित हुन् या विकासोन्मुख वा नेपाल जस्तै कतिपय अतिकम विकसित देशहरूको आन्तरिक द्वन्द्व वा अस्थिर राजनीतिका वाबजुद सहस्राब्दी लक्ष्य भेदन गर्ने उपायका खोजीमा सबै लागेकै पाइन्छ । तर, फरक यति मात्र हो कि कोही मुलुक सुस्पष्ट नीति र त्यसको कार्यान्वयनमा खरो उत्रेका छन् भने कोही इच्छाशक्ति विहीन बनेका छन् । नेपालको सन्दर्भमा पछिल्लो विद्यालय क्षेत्र सुधार कार्यक्रमले शिक्षामा केही गर्ने प्रयास गरेतापनि समग्र राजनीतिक तथा सामाजिक परिवेश, विद्यालयको भौतिक अवस्था, निजी विद्यालय र सामुदायिक विद्यालयको पठनपाठनको अन्तरविरोध, अस्थायी शिक्षकहरूको समस्या, गुणस्तर सुधारको लागि चाहिने विद्यालय व्यवस्थापन लगायत पाठ्यपुस्तक समयमा नपुग्नु र विषयहरूको छनौट, प्राविधिक शिक्षामा जोड र सामुदायिक भावना र सरोकारहरूको चासोमा आएको मतभेदले उद्देश्य पूरा गर्न कठिन जस्तै बनेको छ । यसको कारक भने राजनीतिक अस्थिरता प्रमुख रहेको शिक्षाविदहरूको मतैक्य रहँदै आएको छ ।

## शिक्षा विकासको इतिहास

नेपालमा आधुनिक शिक्षाको सुरूवात गुरूकुलबाट भएको हो । गुरूको घरमा गएर पढ्ने चलन थियो जुन प्राचीन पद्धतिभित्र पर्दथ्यो । वेद, चण्डी, रूद्री, कौमुदी, रघुवंश एवं किरातार्जुनीय जस्ता संस्कृतका केही पुस्तक नै गुरूकुल शिक्षाका विषय हुने गर्दथे । काठमाडौंमा संस्कृत पढाइका लागि संस्कृत प्रधान पाठशाला र अङ्ग्रेजी विषयको पढाइका लागि सन् १८९२ मा आएर मात्र दरबार हाइस्कुल खोलिएको थियो । राणा र दरबारियाका छोराछोरीहरूलाई पढाउन राणाहरूले दरबार हाइस्कूल स्थापना गरेका थिए ।

वि.स. २००७ सालसम्म आइपुग्दा पनि हजारौं गाउँ र समुदायहरू शिक्षाको उज्यालोबाट बन्चित थिए । २००७ सालपछि केही आधार स्कुल पनि खुले । २०४६ सालको जनआन्दोलपछि भने शिक्षाको क्षेत्र बिस्तार हुन पुगेको पाइन्छ ।

## कानुनी तथा नीतिगत योजना र व्यवस्था

२०२८ सालदेखि नेपालमा नयाँ शिक्षा योजनाको नामबाट आधुनिक शिक्षालाई व्यवस्थित रूपमा लैजान खोजको पाइन्छ । सुरूमा चितवन र कास्की गरी दुई जिल्लामा लागू गरिएको योजना पाँचवर्ष लगाएर देशभरि विस्तार गरिएको थियो । नेपालको इतिहासमा यो योजना नै केही हदसम्म शिक्षा विकासको क्रममा व्यवस्थित रहेको मानिन्छ । मागका आधारमा विद्यालयहरूलाई स्वीकृति दिने, शुल्क तोक्ने, पाठ्यक्रम र पाठ्यपुस्तक तोकिएका थिए । देशभर एकै प्रकारका पुस्तकहरु प्रयोगमा ल्याइयो । शिक्षकको तलब निर्धारण गरियो र अनुदान दिने व्यवस्था मिलाइयो । निरिक्षण प्रणालीलाई व्यवस्थित बनाउने प्रयास गरियो । शिक्षकरूको क्षमता अभिवृद्धिलाई ध्यानमा राखी तालिम दिइनुपर्छ भन्ने सौँचको विकास यही कालदेखि सुरू भएको थियो । आन्तरिक मूल्यांकनको पनि शुरूवात गरियो । तुलनात्मक रूपमा शिक्षकलाई मर्यादित बनाउन खोजियो । त्यति हुँदा पनि शिक्षण पेसा आकर्षक बन्न सकेको थिएन । देशव्यापी रूपमा शिक्षक आन्दोलित भएर सञ्चयकोष, निवृत्तिभरण लगायतका सुविधाहरु सरकारबाट लिन सफल भएपछि शिक्षण पेसामा थप अकार्षण बढेको थियो । उच्च र मध्यम स्तरका जनशक्ति उत्पादनमा ध्यान पुग्न थालेको थियो । यसरी नयाँ शिक्षा प्रणाली राजतन्त्रले गरेका केही उल्लेख्य कामभित्र पऱ्यो । पछि सरकारले शिक्षाबाट आफूलाई अलग गर्दै जाने सोच बनाएपछि शिक्षा क्षेत्र अव्यवस्थित हुँदै गएको मान्न सकिन्छ । पञ्चायती व्यवस्थाको अन्त्य गरेको २०४६ सालको जनआन्दोलपछि बनेको सरकारले नयाँ शिक्षा योजना भनिने पूरानो शिक्षा प्रणालीको अभिभावकत्व ग्रहण गर्न सकेन । योजनावद्ध रूपमा राजनीतिक परिवर्तनसँग तालमेल हुने गरी शिक्षा विकासको परिस्थितिजन्य परिमार्जन गर्न सकेन । त्यसपछि सरकारी शिक्षा घरको न घाटको बन्न पुग्यो । अब शिक्षा वर्गीय बन्न पुग्यो । धनाढ्यहरूले पढ्ने र गरिबहरूले पढ्ने विद्यालयहरु फरक हुन थाले । अहिलेसम्म आइपुग्दा शिक्षामा रहेको वर्गीय खाडलको यो स्वरूप सानोतिनो प्रयासले नपुरिने बनिसकेको छ । राजतन्त्रको उन्मूलन र गणतन्त्रको स्थापनापछि पूरानो सत्ताको विरासतको रूपमा रहेको शिक्षालाई नयाँ ढंगले परिवर्तित सन्दर्भमा परिवर्तन र परिमार्जन गरी नयाँ नेपालको नयाँ शिक्षाको सुरूवात गर्ने एवं विकसित मुलुकको शिक्षासँग दाँज्न मिल्ने र देशको जनशक्ती पूरा गर्नसक्ने शिक्षाको थालनी गर्ने तर्फ ध्यान पुग्न सकेको छैन । संचालनमा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्दै विपन्न, गरिब र सीमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच बढाउने लगायत समावेशी शिक्षाको लागि पुर्वाधारदेखि गुणस्तर वृद्धि गर्ने कार्यक्रम ल्याएको छ । शिक्षा ऐनको आठौं संशोधनको प्रक्रियामा रहे पनि संसद नभएका कारण अध्यादेश ल्याउने कि नल्याउने मै रुमलिएको छ ।

## शैक्षिक उपलब्धी र चुनौतीहरु

२००७ सालमा प्रजातन्त्रको उदय भएपछि स्वतन्त्र समाजको सुरूवात भयो । ५ प्रतिशत जनता साक्षर भएको त्यति

बेला जनताका छोराछोरी पढ्ने एकमात्र विद्यालय दरवार मावि थियो । १७ सालसम्म फाटफुट विद्यालयहरू खोलिन थाले । १७ सालमा पञ्चायती व्यवस्था लागू भएपछि दरबारको इच्छानुसार शैक्षिक गतिविधि संचालनमा आए । पञ्चायतको मध्यतिर शिक्षा नीतिमा परिवर्तन गरियो । यसको उद्देश्य नराम्रो थिएन, हालाकि एकतन्त्रिय राजाको शासनमा हुनेखाने वर्गको पहुँचमा शिक्षाको विकास भयो । जनताको चाहना अनुरूप विद्यालय शिक्षाको विकास भएन । २०३६ सालमा विद्यार्थी आन्दोलन भयो, पञ्चायत कि प्रजातन्त्र रोज्ने जनमत संग्रहको निर्वाचन भयो । पञ्चायतले जितेको देखाएर राजाको व्यवस्था दरिन थाल्यो ।

गत साल सन् २०११ को जनगणना तथ्यांकले ५ वर्षमाथिको साक्षरता दर झण्डै ६६ प्रतिशत देखाएको छ । जसमा पुरुष ७५ प्रतिशत र महिला ५७ प्रतिशत रहेको छ । सन् २०१५ सम्ममा सबै नागरिक साक्षर गराउने उद्देश्य रहेकोमा यो दशकमा झण्डै पौने ३ खर्ब लगानीको साक्षरता उपलब्धी सकारात्मक देखिएको छैन । अझै ३४ प्रतिशत निरक्षर आगामी ३ वर्षमा पनि हासिल हुन नसक्ने देखिएको छ । यो उपलब्धीलाई लैंगिक हिसाबले हेदा महिला निरक्षर बढी छन् । एउटा परिवारमा आमा साक्षर भए मात्र बालबालिकाको शिक्षा, पोषण, हेरचाह, स्वास्थ्य र सामाजिकरणमा ठुलो योगदान पुग्न सहयोग हुने कुरा विभिन्न अनुसन्धानले पत्ता लगाएका छन् । अझै विद्यालय बाहिरका बालबालिका पाँच प्रतिशत रहेको अवस्थामा विपन्न र सीमान्तकृत क्षेत्रका बालबालिकाहरूको शिक्षामा पहुँच दिलाउने उद्धेश्यले सबैका लागि शिक्षा कार्यक्रम र नेपाल सरकारको वृहत् विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट दाताहरूको सहयोगमा ठूलो लगानी भइरहेको छ । कक्षा १ देखि नै बालबालिकाहरू विद्यालय छाड्न सुरू गर्दछन् । कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये प्राथमिक शिक्षा पूरा गर्दासम्म २३ प्रतिशत र माध्यमिक तहसम्म पुग्दा ५२ प्रतिशतले विद्यालय छाडिसक्ने डरलाग्दो अवस्था छ । लगानीको सदुपयोग सहयोगी संस्थाले खोज्नु राम्रो पक्ष हो । सामुदायिक हुन् वा नीजि विद्यालय आफ्ना बालबालिकाको भविष्य गाँसिएको शिक्षाका कुरामा अभिभावकहरू सचेत नभएका पनि होइनन् । सम्पत्ति माथिको स्वामित्वमा सरकारको नीतिले विगतको दशकमा केही सकारात्मक छाप छोड्न सकेको छ । घर वा जमिन वा दुवैमा महिलाको स्वामित्व विगतको जनगणनाको तुलनामा १४ प्रतिशतबाट बढेर झण्डै २० प्रतिशत पुगेको छ । उसरी सम्पत्तीमाथिको स्वामित्व र उपयोगमा सामाजिक परिवेश, शिक्षा र सचेतनाले अहम् भूमिका खेल्ने गर्दछ । शहरका महिलाको २७ प्रतिशत र ग्रामीण महिलाको १८ प्रतिशत स्वामित्व हुनुले ग्रामीण क्षेत्रका महिला बढी निरक्षर र स्वामित्वको दाबा गर्न सक्ने अवस्थामा नरहेको पुष्टि हुन्छ । महिला घरमुली बढेको अवस्था छ । विगतको झण्डै १५ प्रतिशत घरमुली महिला २०११ को जनगणना सम्म पुग्दा २५ प्रतिशत पुग्नु महिला सशक्तिकरण भनिए पनि एकल महिला, विधवा, असक्त श्रीमान् भएका कारण र पुरूष बाहिर कमाउन जाने गरेकाले बढेको हो । घरबहिर कामउन जानेको संख्या ह्वात्तै बढेको छ । २५ प्रतिशत भन्दाबढी घरपरिवारहरूका झण्डै २० लाख युवायवतीहरू विदेशमा कमाउन गएको विभिन्न तथ्यहरूले देखाउँदछ । जसमा करिब २ प्रतिशत महिलाले ओगटेका छन् । मलेसिया, दुवई, कतार, कुवेत, इजरायल लगायतका १० देशहरूमा वैदेशिक रोजगारका लागि जानेको संख्या बढी छ । वैदेशिक रोजगार पनि अहिले यूवा पुस्ताको आकर्षणको केन्द्र बनेको भएतापनि यसको सुरक्षाको सवाल प्रमुख बनेको छ । यी सबै समस्याहरूको कारण भनेको समावेशी शिक्षाको अभाव र शैक्षिक बेरोजगार हुन् । युवा पुस्तालाई देशको विकासमा लगाउन नसक्नु, आर्थिक दृष्टिकोणले सक्रिय जनशक्तिको ठूलो हिस्सा विदेशिन बाध्य छन्, रेमिट्यान्सबाट आएको पैसा पनि उत्पादनमूलक कार्यमा खर्च हुन नसक्दा अर्थतन्त्रमा ठूलो धक्का लागिरहेको छ ।

### समावेशी शिक्षाको खाँचो

समातामूलक विकासका लागि समावेशी शिक्षा अपरिहार्य हुन्छ । गुणस्तरीय शिक्षण सिकाई, बालमैत्री, लैंगिक समावेशी, वर्गीय समावेशी, वातावरण अनुकुलको दिगो विकासलाई समावेशी विकास भनिन्छ । समतामूलक समाज निर्माणमा समावेशी शिक्षाको पहेलु भनेको क्षेत्रगत हिसाबले स्वास्थ्य शिक्षा, सरसफाई शिक्षा, कृषि शिक्षा, सुचना र

संचार, मानवअधिकार शिक्षा, प्राविधिक शिक्षा, राजनीति शिक्षा, जिविकोपाजर्न र शुसासनको लागि सचेतन, जागृति र सिर्जनशीलता पर्दछन् । हाम्रो समाजमा सरकारी र गैरसरकारी क्षेत्रबाट निक्कै काम भएका छन् । गाउँको विकासमा विभिन्न समहहरू सक्रिय छन् । आर्थिक क्षमतानुसार आफ्ना बालबालिकालाई पढाउन सबै अभिभावक स्वतन्त्र छन्, जुन छुट राज्यले दिएको छ । शिक्षामा दुई स्तरको पठनपाठन छ । लगानीको अनुपातमा सरकारी शिक्षाको लागतभार बढि देखिन्छ । हुने खानेका बालबालिकाहरु नीजि र हुँदा खानेका सामुदायिक तथा सरकारी विद्यालयमा पढाउने चलन आम बनेको छ । शिक्षामा पहुँच दिलाउने सन्र्दभमा शिक्षाका लागि खाद्य, खाजा तथा लिटो कार्यक्रम पनि नचलेका होइनन् । जसले क्षणिक भएपनि विद्यालयहरूमा विद्यार्थीको चाप बढ्न गएर कक्षाकोठाको अपर्याप्तताले बालबालिकाहरु जोखिमपर्स्र्ण अवस्थामा पठनपाठन गरेका थुप्रै समाचार छापामा आउने गर्दछन् । यसको अर्थ हो बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु मात्र ठुलो उपलब्धी नहुने रहेछ, तिनलाई बालमैत्री शिक्षण तथा सिकाई साथै कक्षाको वातावरणले टिकाइरहन सक्नुपर्ने कुरा मुल्यवान हुँदो रहेछ । राज्यको नीति अनुसार विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गर्ने उद्देश्यभित्र राम्रो मनसाय थियो । स्थानीयस्तरमै समुदायले आफ्नो विद्यालयको शैक्षिक उन्नतिका लागि स्वतन्त्र भएर काम गर्न सकून् र स्रोतसाधनको उच्चतम उपयोग गर्न सकून् भन्ने उद्देश्यभित्र गुणस्तरीय शिक्षाको अभिवृद्धि हुने कुरा लुकेको थियो । तर यो अभिप्रायलाई गलत रूपमा चित्रण गरिँदैछ चरम राजनीतिक हस्तक्षेपबाट ।

नेपाल सरकारको शिक्षा ऐनको दफा १० मा विद्यालयहरूको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने प्रावधान छ । अवश्य पनि गुणस्तर शिक्षा र विद्यालयको सर्वोत्तम हितका लागि राजनीतिक निर्णय र हस्तक्षेप स्वीकार्य हो तर कुन किसिमको राजनीतिक हस्तक्षेप आवश्यक हो भन्नेप्रति अभिभावकहरू सचेत नभएको टड्कारो अवस्था अहिले विद्यमान छ । समग्र शिक्षामा महिलाहरूको सक्रिय सहभागिताको कमी खट्केको अहिलेको अवस्था छ । ३३ हजार विद्यालयहरूमा झण्डै दुई लाख शिक्षकहरू मध्ये २७ प्रतिशत महिला छन् । त्यो पनि प्राथमिक तहमा महिला अनिवार्य हले ल्याएको हो । विद्यालय व्यवस्थापनमा महिलाको संख्या कमी छ । शिक्षा सम्बन्धी सरोकार र योजनामा महिलाहरूको सहभागिता र सक्रियता बढ्न सकेको छैन । बालिका मैत्री विद्यालय बन्न सकेको छैन । भौतिक र शैक्षिक सुविधाले उक्त विद्यालयले प्रदान गर्ने शिक्षा गुणस्तरीय छ वा छैन भनेर मापन गर्न पनि सकिन्छ । शौचालयकै कारण बालिकाहरु महिनावारी हुँदा विद्यालय नजाने चलन गाउँघरमा विद्यमान छ । अपांगहरूका लागि पूर्वाधार र सुविधा विद्यालयहरूमा छैन । गुणस्तरयुक्त विद्यालयमा प्रति विद्यार्थी करिब एक वर्गमीटरको दरले सम्पूर्ण विद्यार्थीका लागि पुग्ने क्षेत्रफल भएको कक्षा कोठा, विद्यार्थीको उमेर अनुसार उपयुक्त डेक्स बेञ्च, लेख्ने पाटी, पर्याप्त शैक्षिक सामग्री, उपयुक्त प्रकाश पुग्ने र दोहोरो हावा चल्ने कक्षा कोठा, विद्यार्थीको अनुपातमा स्वच्छ खानेपानीको प्रबन्ध, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेल्ने मैदान तथा खेल सामग्रीको उचित व्यवस्था, विद्यालयको हातामा घेराबार गरिएको, भौतिक सुविधा सम्पन्न विद्यालय गुणस्तरयुक्त विद्यालय अन्तर्गत पर्दछ । ३३ हजार सामुदायिक विद्यालयहरू मध्ये कति होलन् यो सुविधायुक्त विद्यालय भनेर शिक्षा विभागलाई सोध्ने हो भने अवश्य जबाफ पाइँदैन । बालबालिकाको भविष्य निर्माता नै शिक्षकहरू हुन् यसर्थ विद्यालयमा विद्यार्थीको अनुपातमा सक्षम, योग्य तथा तालिमप्राप्त शिक्षकको व्यस्था हुनु अति आवश्यक हुन्छ । नेपाल सरकारले हिमाल, पहाड र तराईमा विद्यार्थी शिक्षकको अनुपात कायम गरेको छ । बालमैत्री र कक्षाकोठा व्यवस्थापनमा शिक्षकको अहम भूमिका हुँदा तालिमका लागि तालिम नभई शिक्षण सिकाई, विद्यालय सुशासन र बालमैत्री वातावरण निर्माणमा टेवा पुग्ने तालिमको व्यवस्था र सोही अनुरूपको कक्षाकोठामा बालमैत्री वातावरण बन्नु अहिलेको आवश्यकता हो ।

(लेखक आर.आर.एन. केन्द्रीय कार्यालयका कार्यक्रम व्यवस्थापक हुनुहुन्छ ।)

# 'श्रमजीवी महिलाहरूप्रति डान्स, रेष्टुरेण्ट, बार जस्ता कार्यस्थलहरूमा हुने यौन उत्पीडन नियन्त्रण निर्देशिका-२०६५' को कार्यान्वयनको आवश्यकता



• सृजना के.सी.

**"रेष्टुरेण्ट तथा मसाज पार्लरमा श्रम बेचिरहेका हजारौं महिला तथा किशोरीहरू आफूहरूले पाउने अधिकारबाट वञ्चित हुनु परिरहेको अवस्था छ । क्याबिन रेष्टुरेण्ट, डान्स बार र मसाज पार्लर जस्ता मनोरञ्जन क्षेत्र अस्वभाविक तथा अव्यवस्थित तवरले सञ्चालित छ जसको सरकारबाट अनुगमन भएको छैन ।"**

सन् १९९० मा खुल्ला बजार नीतिको अवलम्बन पश्चात् नेपालमा महिलाहरूका लागि विशेष गरि अनौपचारिक क्षेत्रमा विभिन्न कामहरू देखा परे । अमेरिका र यूरोपेली संघको व्यापार प्रतिबन्ध पश्चात् कार्पेट र गार्मेन्ट उद्योग धरासायी भयो । परिणास्वरूप धेरै महिलाहरूले खाइपाई आएको जागिर गुमाए र त्यस अवस्थामा भर्खरै फस्टाउन थालेका क्याबिन र मसाज पार्लरहरू महिलाहरका लागि काम पाउने नयाँ उपाय साबित भयो । यसरी धेरै महिलाहरू बिस्तारै नयाँ कामप्रति आकर्षित हुन थालेपछि क्याबिन रेष्टुरेण्ट, डान्स बार र मसाज पार्लरका सञ्चालकहरू महिलाहरूलाई थोरै तलब दिएर ग्राहक आकर्षित गर्न बाध्य गर्न थालेको अवस्था देखियो ।

नेपाल सरकारको महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन विरूद्धको दोस्रो राष्ट्रिय दिवसका अवसरमा प्रकाशित क्याबिन रेष्टुरेन्ट, डान्स बार तथा मसाज पार्लर सम्बन्धी "अध्ययन प्रतिवेदन २०६५" र शक्ति समूहले २००८ मा काठमाण्डौं उपत्यकाका रेष्टुरेन्ट र मसाज पार्लरमा काम गर्ने महिलाहरूको दासत्वको अवस्था सम्बन्धी प्रतिवेदनले करिब ५० हजार को हाराहारीमा महिला तथा किशोरीहरू क्याबिन र डान्स बारमामा काम गर्न बाध्य रहेको बताएको छ । यी रेष्टुरेन्टहरूमा श्रम ऐनले तोकेको न्यूनतम् सुविधाहरू समेत कामदार महिलाहरूले नपाएको देखिन्छ । यसै सन्दर्भमा सर्वोच्च अदालतले क्याबिन, डान्स रेष्टुरेन्टहरू र मसाज पार्लरहरूमा काम गर्ने महिलाहरूको अधिकार सुनिश्चीत गर्न बेग्लै र उपयुक्त कानुन निर्माण गर्न सरकारलाई निर्देशनात्मक आदेश समेत दिइसकेको छ ।

शक्ति समूहले गरेको २००८ को अध्ययनले पनि मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलहरूको अवस्था भयावह रहेको अनुमान लगाउन सकिन्छ । महिलाहरू अत्यधिक आर्थिक र शारीरिक शोषणको अवस्थामा दास भएर बाँच्न बाध्य भएको अध्ययनले जनाएको छ ।

मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको अधिकार प्रत्याभुतिका लागि यस क्षेत्रमा काम गर्ने संघ-संस्था र प्रो-पब्लिकले २०६२ सालमा संयूक्तरूपमा सर्वोच्च अदालतमा परमादेशका लागि रिट निवेदन दिएको थियो । उक्त रिटमा सर्वोच्च अदालतबाट अर्को ऐन तथा कानुन नबने सम्मका लागि "श्रमजीवी महिलाहरूप्रति डान्स, क्याबिन रेष्टुरेण्ट र बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण निर्देशिका-२०६५" लाई नै कानुन सरह मान्यता दिने गरी उक्त निर्देशिका २०६५ सालमा ल्याइएको हो । तर हालसम्म पनि निर्देशिका कार्यान्वयन नभएको अवस्था छ । जसकारण यस्ता रेष्टुरेण्ट तथा मसाज पार्लरमा श्रम बेचिरहेका हजारौं महिला तथा किशोरीहरू आफूहरूले पाउने अधिकारबाट बञ्चित हुनु परिरहेको अवस्था छ । क्याबिन् रेष्टुरेण्ट, डान्स बार र मसाज पार्लरजस्ता मनोरञ्जन क्षेत्र अस्वभाविक ढंगबाट सञ्चालित तथा अव्यवस्थित तवरले सञ्चालित छ जसको सरकारबाट अनुगमन भएको छैन ।




श्रमजीवी महिलाहरूप्रति डान्स, क्याबिन रेष्टुरेण्ट र बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण निर्देशिका-२०६५ मा मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको शारीरिक, आर्थिक तथा सामाजिक अधिकारको कुराहरू सञ्चालक तथा ग्राहकहरूबाट अवलम्बन गरिनुपर्ने कुरा उल्लेख भएतापनि हालसम्म कतै पनि त्यसको कार्यान्वयन नगरिएको र कुनै पनि निकायबाट यसको अनुमगन गरिएको छैन ।

डान्स, रेष्टुेण्टहरूबाट महिलाहरू समाती जेलमा राखिएको सामाचारहरू सञ्चार माध्यमहरूबाट सुन्नमा आउँछ । त्यस्ता महिलाहरूलाई सार्वजनिक मुद्दा लगाएर धरौटीमा छाडिन्छ । धरौटी तिर्न नसक्दा कति महिलाहरू लामो समय जेलमै बस्नुपर्ने र तिरे पनि डान्स, रेष्टुेण्ट सञ्चालककहाँ लामो समयसम्म बिना तलब कम गर्न बाध्य छन् । प्रहरी कार्वाहीमा ग्राहक तथा सञ्चालक नभएर मात्र महिलाहरू नै पीडामा पर्ने गरेको स्पष्ट देख्न सकिन्छ । निर्देशिकामा नेपाल सरकारद्धारा निर्धारित न्यूनतम पारिश्रमिक नदिई काममा लगाउनु हुँदैन भनेर उल्लेख गरिएको छ । जस अनुसार श्रमिकहरूलाई सरकारले न्यूनतम तलव रू. ६,२५० दिनुपर्ने भनिएपनि महिलाहरू मासिक ३ हजार देखि ५ हजार रूपैयाँमै काम गर्न बाध्य छन् । यति मात्र नभएर त्यस ठाउँको जागीर छोडेर अन्य ठाउँ जान नदिने, गएको खण्डमा जबर्जस्ती हातपात गरेर र धम्कयाएर ल्याउने, समयमा तलब नदिने, तलब माग्दा पिट्ने, धम्काउने र जागिरबाट नै निकालिने जस्ता समस्या पनि छन् ।

निर्देशिकामा व्यवसाय स्थलमा गर्न नहुने काम भनी यौन उत्पीडन तथा यौन शोषण गर्न नहुने भनी लेखिएको छ । कार्यस्थलमा महिलाहरूलाई शारीरिक सम्बन्धको माग गर्ने, यौन उत्तेजक भाषाको प्रयोग गर्ने तथा व्यवहार गर्ने, यौन आचरण, आर्थिक प्रलोभन, ईच्छा विपरीत यौन सम्पर्क गर्ने, अंग स्पर्श, मदिरा तथा लागु पदार्थको सेवन आदी गर्न लगाउन नहुने कुरा स्पष्ट पारेको भएता पनि व्यावहारिक पक्ष भने त्यस्तो छैन । अझै पनि महिलाहरूलाई अत्यधिक यौन हिंसा र मदिरा सेवन गर्न लगाइन्छ । यसले महिलाहरूको शारिरिक र मानसिक स्वास्थ्य, अस्वस्थ बन्दै गइरहेको छ ।

मनोरञ्जन व्यवसायीहरूलाई कानुनी दायराभित्र ल्याउने व्यवस्था अनुरूप "श्रमजीवी महिलाहरूप्रति डान्स, रेष्टुरेण्ट, बारजस्ता कार्यस्थलहरूमा हुने यौन उत्पीडन नियन्त्रण निर्देशिका-२०६५ मा विभिन्न कुराहरू गर्नुपर्ने उल्लेख गरिएको छ जस्तै : दर्ता नगराई व्यवसाय सञ्चालन गर्न नहुने, कामदारहरूको लगत विवरण प्रस्तुत गर्नुपर्ने, कामदारहरूको व्यक्तिगत विवरण प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यलयमा प्रस्तुत गर्नुपर्ने, व्यवसाय सञ्चालन गर्दा वरिपरिको बासिन्दाहरूलाई असर पर्न नहुने आदि । यो निर्देशिका लागू भएपछि जिल्ला प्रशासन कार्यालयमा व्यवसाय दर्ता गराउनु पर्ने कुरा स्पष्ट भएता पनि काठमाण्डौका अधिकांश व्यवसाय दर्ता नगराई सञ्चालमा ल्याइएको छ जहाँ श्रमजीवी महिलाहरूलाई श्रमिकको मान्यता दिलाउन धेरै काम गर्नुपर्ने अवस्था बाँकी नै छ । मनोरञ्जन व्यवसायहरू व्यवस्थित तवरले सञ्चालन गर्न सञ्चालक एवं सेवाग्राहीहरूलाई उत्तरदायित्व बोध गराउन अनुगमन समितिको व्यवस्था गरिएको छ जसमा यो निर्देशिकाको प्रयोजनका लागि जिल्ला अनुगमन एवं कारवाही समिति नामको एउटा समितिमा अध्यक्ष प्रमुख



जिल्ला अधिकारी, सदस्य प्रमुख जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला महिला विकास कार्यालय, सो नभए जिल्लाका स्थानीय विकास अधिकारी एवं पदाधिकारीहरूको व्यवस्था गरिएको छ । व्यवसायलाई मर्यादित बनाउन समितिलाई व्यवसायहरूको अनुगमन गर्ने, उजुरी सुन्ने, निर्देशिका नमान्नेलाई कारवाही गर्ने गराउने काम, कर्तव्य र अधिकार रहनेछ भनेर स्पष्टसँग लेखिएता पनि हालसम्म अनुगमन र कारवाहीको प्रक्रिया शून्यको अवस्थामा रहेको छ । यसरी अधिकार प्राप्त निकाय नै अव्यवस्थित व्यवसायलाई कारवाही नगरी बसेमा श्रमिकहरूको अधिकार प्राप्त गर्न व्यवहारिक पक्षमा धेरै कठिनाईहरूको सामना गर्नु परेको अवस्था विद्यमान छ ।

त्यति मात्र नभई उक्त निर्देशिकामा उजुरी एवं कारवाहीको प्रक्रियामा कार्यस्थलमा पीडित श्रमजीवि जोसुकैले समितिमा वा नजिकैको प्रहरी कार्यालयमा उजुरी दिन पाउने कुरा उल्लेख छ । साथै, प्रहरी कार्यालयमा उजुरी परेमा पीडितको गोपनियता कायम राखी स्वास्थ्य एवं सुरक्षाको प्रबन्ध गरी तुरुन्तै उजुरी समिति समक्ष पेश गर्नु पर्ने छ भनिएको छ र समितिले पनि तुरुन्त आवश्यक कारवाही गर्नुपर्ने भनिएको छ । छानबिन गर्दा श्रमजीवि महिलालाई गर्न नहुने काम गरेको पाइएमा त्यस्तो कार्य रोक्ने सम्बन्धमा व्यवसायी/धनीलाई आवश्यक निर्देशन दिन सक्नेछ भनी निर्देशिकामा उल्लेख गरिएको छ । यसरी उल्लेख हुँदा हुँदै व्यवसायी र ग्राहकबाट चरम आर्थिक र शारीरिक शोषण भएको अवस्थामा सरकार पक्षबाट समेत कानुनी कारवाही नहुँदा श्रमजीवीहरू एकोहोरो, दोहोरो र सबै पक्षबाट मारमा परिरहेका छन् । यस अवस्थामा मनोरञ्जन व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन तुरुन्त कानुन निर्माण गर्नुपर्ने खाँचो देखिन्छ । साथै कानुन नआएसम्म सो "श्रमजीवी महिलाहरूप्रति डान्स, रेष्टुरेण्ट, बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण निर्देशिका-२०६५" लाई नै कानुनको रूपमा कार्यान्वयन गर्नुपर्ने अर्को आवश्यकता हो ।

(लेखक शक्ति समूहका परियोजना संयोजक हुनुहुन्छ ।)

# नारी सीप सृजना केन्द्र नेपाल-एक परिचय

१. परिचय
महिला अधिकारका सवालमा निरन्तर रूपमा क्रियाशिल संस्थाको रूपमा नारी सीप सृजना केन्द्र एक स्थापित संस्था हो । आर्थिक, सामाजिक, सांस्कृतिक राजनैतिक अधिकारबाट बञ्चित, सिमान्तकृत तथा आवाज विहिन महिलाहरूको सामाजिक हैसियत परिवर्तन गर्ने मुख्य उद्देश्यका साथ २०४९ सालमा यस संस्थाको स्थापना भएको हो । पितृसत्तात्मक सामाजिक मूल्य र मान्यतालाई आधारभुत परिवर्तन गरी उनीहरूको मानव अधिकार प्रवर्द्धन गर्ने र राज्यका सबै संरचनामा महिलाहरूको अर्थपूर्ण र सार्थक सहभागिताका सवालमा स्थानीय देखि राष्ट्रिय तहमा नारी सीप सृजना केन्द्रले पैरवी गर्दै आएको छ । यसले महिला अधिकारसंग सम्बन्धित गतिविधिहरु मानव बेचबिखन र महिला हिंसा विरूद्धका अभियानका अलावा नीतिगत संरचनामा सार्थक र प्रभावकारी सहभागिता, कानुनी अधिकार, जीविकोपार्जन सुधार, प्रजनन् स्वास्थ्य अधिकार तथा महिला तथा बाल अधिकारका सवालमा केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । मानव सभ्यताको गतिलाई मुर्त रूप दिन सबल सक्षम र विभेदरहित सृजनशिल समाज निमार्ण गर्ने महिला पुरूष दुवैको सवलीकरण आवश्यक छ तसर्थ महिलाहरूको आधारभुत अधिकारका सवालमा पुरूष सहभागिताको सवाल पनि अपरिहार्य भएको आत्मसात् गर्दै यसले विगतका अनुभव र सिकाइका आधारमा अधिकारमूखी अवधारणामा आधारित कार्यक्रमहरूमा जोड दिन थालेको छ । क्षमता अभिवृद्धि, सार्थक सहभागिता र नीति पैरवी, वहस, छलफल, अन्तरक्रिया, सचेतना, जीविकोपार्जन, र सशक्तीकरणका लागि कानुनी अधिकारका सवालहरु उठाउदै आएको छ ।

२. परिकल्पना
सचेत, सृजनशील, सुशासित, सम्मानित एवं समृद्ध समाज निर्माण ।

३. ध्येय
आधारभुत मानव अधिकार परिपूर्ति र सामाजिक न्याय स्थापित गर्नका लागि महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक सशक्तीकरण गर्न योगदान पुर्‍याउने ।

४. लक्ष्य
लैङ्गिक समता अभिवृद्धि एवं सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रबाट पछाडि पारिएका महिलाहरूको हैसियतमा परिवर्तन गर्न उनीहरूको अधिकार सुनिश्चितताका लागि अनुकूल वातावरण सृजना गर्ने ।

५. उद्देश्यहरु

१. नीति निर्माण तथा निर्णायक तहमा महिला सहभागिता एवं नीति कार्यान्वयन र परिमार्जनको लागि पैरवी गर्ने ।
२. लैङ्गिकतामा आधारित विभेद अन्त्यका लागि महिला मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सहयोग गर्ने ।
३. महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्दै प्रजनन् स्वास्थ्य अधिकारको प्रत्याभूतिका लागि वहस, पैरवी तथा महिला सशक्तीकरण गर्न पहल गर्ने ।
४. विपन्न तथा सामाजिक रूपमा पछाडि पारिएका महिलाहरूको जीविकोपार्जनका लागि सीपमूलक तालिमको माध्यमबाट स्वःरोजगारीका अवसर सृजना गर्ने ।

५. मानव बेचबिखन विरूद्ध सचेतना अभिवृद्धि गरी प्रभावितहरूको सामाजिकिकरण गर्ने तथा अभिभावक सचेतना अभिवृद्धि गर्दै बाल अधिकार संरक्षण एवं सम्वर्द्धनमा सहयोग पुऱ्याउने ।

६. राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी तथा गैर-सरकारी संस्थाहरूसंग सवालगत समन्वय र साझेदारीता विकास गर्ने र संस्थागत विकासका लागि भौतिक तथा मानवीय क्षमता अभिवृद्धि गर्दै स्थानिय श्रोत साधनको परिचालन गर्ने ।

## ६ . लक्षित समुदाय

राजनीतिक, सामाजिक र आर्थिक अवसरबाट पछाडि पारिएका, गरिबी तथा विपन्न महिला, जनजाति, दलित, आदिवासी, बेचबिखन र हिंसाबाट प्रभावित महिला, द्वन्द्व पीडित महिला, घरेलु बाल श्रमिकका साथै सबाल मिल्ने सरोकारवाला संघसस्थाहरु यस संस्थाको लक्षित समुदाय भित्र पर्दछन् ।

## ७. विषयगत सवालहरु

- नीति निर्णयका सबै संरचनामा महिलाहरूको सार्थक सहभागिता
- महिला विरूद्ध हुने सबै प्रकारका हिंसा विरूद्धको अभियान
- मानव बेचबिखन विरूद्धको सचेतना तथा अभियान
- महिला प्रजनन् स्वास्थ्य अधिकार
- क्षमता अभिवृद्धि तथा नेतृत्व विकास
- जीविकोपार्जन सुधार तथा सामाजिक परिचालन
- प्रभावितहरूको सामाजिकिकरण र जोखिम व्यवस्थापन

## ८. रणनैतिक दिशा

- नीति पैरवी
- क्षमता अभिवृद्धि र सशक्तीकरण
- संजाल गठन, सवलीकरण र परिचालन
- महिला सशक्तीकरणका लागि पुरूषको सहभागिता
- सहभागिता र समावेशी
- एकिकृत कार्ययोजना
- समन्वय, सहकार्य र साझेदारीता
- स्थानीय स्रोत साधन परिचालन

## ९. अपेक्षित परिणाम

समाजमा रहेका महिला तथा पुरूष बिचको विभेद घट्दै, नेतृत्व तहमा महिलाको सहभागितामा वृद्धि तथा विकास भएको तथा उनीहरूको सामाजिक, राजनैतिक, आर्थिक हैसियतमा परिवर्तन भै समाजमा मानव अधिकारका दृष्टिकोणले हेर्ने र व्यवहार गर्नेछन् जसले गर्दा मानव अधिकारको प्रत्याभुति भएको हुनेछ साथै समाजमा सम्मानपूर्वक बाच्ने आधारहरु तयार भएका हुनेछन् ।

## १०. क्षेत्रगत नतिजा

स्थानीय र राष्ट्रिय तहमा नीतिगत पैरवी निरन्तर र प्रभावकारी रूपमा भएकै कारणले नीतिगत तथा निर्णायक संरचनाहरूमा समान सहभागिता वृद्धि भएको हुनेछ । महिला मैत्री संविधान, ऐन, कानून, नीति तर्जुमा, परिमार्जन तथा कार्यान्वयनका लागि सबै निकाय जिम्मेवार तथा जवाफदेही हुनेछन् । महिला सशक्तीकरणका लागि सुषुप्त अवस्थामा रहेका आन्तरिक क्षमतालाई प्रस्फुटित गर्ने असल अभ्यासहरूलाई निरन्तरता दिदैं, हाम्रा सवालसँग सम्बन्धित सरोकारवाला र संचारका माध्यमहरूसँग प्रभावकारी रूपमा सहकार्य भएको हुनेछ । गरिब तथा सिमान्तकृत महिलाहरूको आर्थिक, राजनैतिक र सामाजिक हैसियतमा वृद्धि भएको हुनेछ । संस्थाको रणनैतिक योजना अनुसार संस्थागत विकासका लागि समय अनुशार नीति परिवर्तन, संरचनाहरूको विकास र सुदृढिकरण भएको हुनेछ । महिला अधिकारका सवालमा क्रियाशील सरकारी र गैरसरकारी संघसंस्थाहरूसँग राष्ट्रिय र अन्तराष्ट्रिय तहमा सशक्त संजालको निर्माण भई सुदृढीकरण भएको हुनेछ । जीविकोपार्जन, सिप र शिक्षामा पहुंच बढ्ने छ र लैंगिक हिंसा, विभेद घट्नेछ जसले मानव बेचबिखनमा कमी भएको तथा महिला पुरूष दुवै सचेत, जागरूक हुनेको संख्यामा वृद्धि भै पुरूष प्रधान मानसिकता र व्यवहारमा परिवर्तन भई महिला पुरूष बिच सहकार्य र सद्भाव भएको हुनेछ ।

# एटविन गतिविधिहरू

(जुलाई देखि डिसेम्बर २०१२ सम्म )

पृष्ठभूमीः
महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह, नेपाल (एटविन) को स्थापना सन् १९९७ मा भएको हो । महिला अधिकार, बाल अधिकार तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने नेपाल भरिका २७ वटा संघ संस्थाहरु यसमा संलग्न छन् । बेचबिखन विरूद्ध अधिकारमुखी दृष्टिकोणबाट नीतिगत तहमा वकालत गर्दै आइरहेको एटविनले डेढ दशकको अवधिमा मानव बेचबिखन विरूद्धमा संचालन गरेका अभियानहरूका कारणले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा आफ्नो अलग पहिचान बनाउन सफल भइसकेको छ ।

एटविनले आफ्नो उद्देश्य अनुरूप सेप्टेम्बर २०११ देखि २०१२ जुन सम्म सदस्य संस्थाहरूको सहयोग र साभेदारिता र सरोकारवालाहरूसँगको संयोजनमा विभिन्न गतिविधिहरू सफलतापुर्वक सम्पन्न गरेको छ जुन निम्नलिखित रहेका छन् :

**संस्थागत**

| क.सं. | मिति | कियाकलाप | स्थान |
|---|---|---|---|
| १ | २०११ | त्रैमासिक नियमित बैठकहरू - १ पटक | काठमाडौं |
| २ | २०११-१२ | एटविन सुचना तथा स्रोत केन्द्र, प्रयोगकर्ता - ३० जना | |

**साभेदार संस्थाः फ्री द स्लेभ्स**

**उद्देश्यहरूः**

- संविधानमा मानव बेचबिखन/दासत्व/शोषणविरूद्धको अधिकार सुनिश्चतताका लागि वकालत
- "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" र "वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४ लगायत सम्बन्धित नीति नियमहरुमा सुधारका लागि वकालत
- मानव बेचबिखनको युएन प्रोटोकोलको अनुमोदनको निम्ति वकालत

| क.सं. | मिति | कियाकलाप | स्थान |
|---|---|---|---|
| ३ | जुन-जुलाई | मानव बेचबिखन तथा दासता विरूद्धको रेडियो कार्यक्रम **"जीवनको खोजी"** - ६ भाग प्रसारण | काठमाडौं |
| ४ | २०-२१ जून | "मानव बेचबिखन विरूद्धको प्रशिक्षक प्रशिक्षण" तालिम २०११ को **पुनर्ताजगी/पुनरावलोकन** कार्यक्रम | बबरमहल, काठमाडौं |
| ५ | १५ मे २०१२ | संविधान सभाका सभाध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्बाङ, संवैधानिक समितिका सभापति मा. निलाम्बर आचार्य, विवाद समाधान उपसमितिका संयोजक मा. पुष्पकमल दाहाल (प्रचण्ड) एवं सदस्यहरूलाई ज्ञापनपत्र दर्ता गराएको | सिंहदरबार, काठमाडौं |
| ६ | २७ डेसेम्बर २०१२ | "मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरूको समस्या पहिचान र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रम | नयाँ बानेश्वर, काठमाडौं |
| ७ | ८-१० अक्टोबर २०१२ | क्षेत्रिय स्तरको "मानव बेचबिखन विरूद्धको प्रशिक्षक प्रशिक्षण" | विराटनगर, मोरङ |

**साझेदार संस्थाः आरडीआईएफ/इएसपी**

**उद्देश्यहरूः**

- जोखिममा परेका लक्षित समूहहरूको जोखिम न्यूनिकरण गर्नु (लैङ्गिक हिंसा, मानव बेचबिखनबाट, असुरक्षित बसाइसराइ/वैदेशिक रोजगार आदि)
- सिमान्तीकृत तथा पाखा पारिएका महिला तथा किशोरीहरूको क्षमता अभिवृद्धि मार्फत सशक्तीकरण गरी सहभागितामा अभिवृद्धि गराउने ।

| क्र.सं. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| ८ | १४ अगस्ट २०१२ | समूहका सदस्यहरूसँग दिगोपन योजना बैठक | बुद्धनगर, काठमाडौं |
| | अक्टोबर - डिसेम्बर २०१२ | मानव बेचबिखन तथा दासता विरूद्धको रेडियो कार्यक्रम **"जीवनको खोजी"** - ८ भाग प्रसारण | काठमाडौं |
| ९ | नोभेम्बर २०१२ | मानव बेचबिखन विरूद्धको सचेतनामूलक ब्रोसर पुनः छपाई | काठमाडौं |
| १० | १५ अक्टोबर २०१२ | साझेदार संस्थाहरूसँग परियोजना योजना बैठक | बिजुली बजार, काठमाडौं |
| | अगस्ट २०१२ | वक्तृत्वकला प्रतियोगीता कार्यक्रम, मान्क | सिन्धुपालचोक |
| ११ | अगस्ट २०१२ | समूहका सदस्यहरूसँग अन्तरक्रिया/ पुनरावलोकन कार्यक्रम | (शक्ति समूह) काठमाडौं, (मान्क) सिन्धुपाल्चोक र (ओस) मकवानपुर |
| १२ | अक्टोबर – नोभेम्बर २०१२ | मासिक समूह संजाल बैठक | |
| १३ | नोभेम्बर २०१२ | अवधारणागत स्पष्टता कार्यशाला गोष्ठी | |
| १४ | ९ डिसेम्बर २०१२ | महिला हिंसा विरूद्ध १६ दिने अभियान अर्न्तगत घरदैलो कार्यक्रम | |
| १५ | ११ - १३ डिसेम्बर २०१२ | वकालत तथा संजाल सुदृढिकरण तालिम कार्यशाला | भक्तपुर |
| १६ | १४ डिसेम्बर २०१२ | साझेदार संस्थाहरूसँग रणनीतिक योजना र पुनरावलोकन बैठक | बिजुलीबजार, काठमाडौं |
| १७ | २०१२ | एटविन बुलेटिन **ओसारपसार** अंक १० को प्रकाशन (१००० प्रति) | काठमाडौं |

**साझेदार संस्थाः ग्लोबल फण्ड फर वुमन (GFW)**

**उद्देश्यहरूः**

सरोकारवालाको मानव बेचबिखन विरूद्धको अवधारणागत स्पष्टता तथा कानुन सम्बन्धी क्षमता अभिवृद्धि

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धी कार्यशाला गोष्ठी

| | | | |
|---|---|---|---|
| १८ | ५-६ जुलाई २०१२ | चरिकोट, दोलखा<br>संयोजक संस्था : सिविन नेपाल | |
| १९ | ३०-३१ अगस्ट २०१२ | बिरगंज, पर्सा<br>संयोजक संस्था : संरक्षण नेपाल | |
| २० | ८-१० अक्टोबर २०१२ | विराटनगर, मोरङ<br>संयोजक संस्था : सिविन नेपाल | |
| २१ | २०-२१ डेसेम्बर २०१२ | बिदूर, नुवाकोट<br>संयोजक संस्था : शक्ति समूह | |
| २२ | २-३ डेसेम्बर २०१२ | गुलरिया, बर्दिया<br>संयोजक संस्था : शक्ति समूह | |
| २३ | डिसेम्बर २०१२ | एटविन बुलेटिन **ओसारपसार** अंक ११ को प्रकाशन (१००० प्रति) | काठमाडौं |

| | | | |
|---|---|---|---|
| **साझेदार संस्थाः ग्याटडब्लयू (GAATW)**<br>**उद्देश्यहरूः** अनुसन्धान "मानव बेचबिखन विरूद्धका प्रयासहरूको सहभागितामूलक अनुगमन पद्धतिको विकासः हाम्रो उत्तरदायित्व" | | | |
| २४ | १६ अगस्ट २०१२ | अनुसन्धानमा प्रयोग हुने पद्धतिबारे सरोकारवालाहरूसँग परामर्श गर्ने उद्देश्यले छलफल कार्यक्रम | नयाँ बानेश्वर, काठमाडौं |
| २५ | १८-२१ अगस्ट २०१२ | अनुसन्धानका लागि अनुसन्धानकर्तालाई आवासीय तालिम | गोदावरी, ललितपुर |
| २६ | २१-२३ सेप्टेम्बर २०१२ | अनुसन्धानका लागि अनुसन्धानकर्ताद्वारा स्थलगत तथ्याङ्क संकलन पश्चात्को **तथ्याङ्क विश्लेषण** आवासीय तालिम | गोदावरी, ललितपुर |
| २७ | ७ डेसेम्बर २०१२ | अनुसन्धान तथ्याङ्क सार्वजनिकिकरणका लागि तयारी बैठक | नयाँ बानेश्वर, काठमाडौं |
| **मिडियामा एटविन** | | | |
| | रेडियो | ३ पटक (नारायणी एफएम, सगरमाथा रेडियो, उज्यालो नेटवर्क, एनटीभी प्लस, सिटिजन एफएम ) | काठमाडौं, पर्सा |
| **सह आयोजक** | | | |
| १ | सेप्टेम्बर ५, २०१२ | छैठौ मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस २०६९ को सह-आयोजक तथा न्याली उप-समितिको संयोजक<br>संयोजक : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | काठमाडौ, |
| २ | नोभेम्बर २५-डिसेम्बर, २०१२ | २०११ को १६ दिने अभियान, न्याली, स्टल तथा अन्य विभिन्न कार्यक्रमहरू<br>संयोजक-राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ३ | डिसेम्बर, २०१२ | मानव अधिकार राष्ट्रिय महाभेला २०६९ | |



गीत

# चेलिबेटी बेचबिखन



प्रतिक्षा बस्नेत
बिराटनगर, मोरङ

चेलीबेटी बेचबिखन, नारी शोषण गर्नेलाई,
कडा कानुन बन्नुपर्छ अब तिनलाई ।

नेपालका चेलीबेटी वस्तुझैं बनाएर,
लाखौं चेलीबेटीहरूलाई बम्बै पुन्याएर ।

घरमा जेठी हुदाँहुदै कान्छी स्वास्नी ल्याउनेलाई,
जुवातास रक्सी खाई, घरमा स्वास्नी कुट्नेलाई ।

चेलीबेटी बेचबिखन, नारी शोषण गर्नेलाई,
कडा कानुन बन्नुपर्छ अब तिनलाई ।

दाइजो ल्याइन भनी, जिउँदै जलाई मार्नेलाई,
दाइजो दिने लिनेलाई, जन्मकैद गर्नुपर्छ अब तिनलाई ।

नारीलाई कमजोर ठानी, बलात्कार गर्नेलाई,
कडा सजाय गर्नुपर्छ अब तिनलाई ।

बोक्सी भनी कुटपिट गर्नेलाई,
दिशा पिसाब खुवाइकन पनिउ तताई डाम्नेलाई,
कडा कानुन बन्नुपर्छ अब तिनलाई ।

झुमा, वादी, छाउपडी र देवी राख्ने प्रथालाई,
अवसर दिई मास्नुपर्छ यस्ता प्रथालाई ।

कुरीति र अन्ध विश्वास जरैदेखि फाल्नु छ,
नारीलाई हेला गर्ने रीती नै बदल्नु छ ।

नेपालका दिदीबहिनी अरू भन्दा के कम छन् ।
अवसर मात्रै पाए भने राज्य नै चलाउँछन् ।

संसारमा एउटा व्यती पुरूष हो, अर्को नारी हो,
केही फरक छैन तिनमा, दुवै बराबरी हो ।

चेलीबेटी बेचबिखन, नारी शोषण गर्नेलाई,
कडा कानुन बन्नुपर्छ अब तिनलाई ।

राम्रो नै पो भा को छ है, विधवा र वृद्धा भत्ताले,
रोजगार पनि दिनुपर्छ आउने सत्ताले ।

संविधान बनाउनलाई नेता गर्छन् आनाकानी,
सधैंभरी मन्त्री बन्न कुर्सी तानातानी ।

नबसौं है हेपिएर, आधा आकाश ढाक्ने महिला हो,
सबै मिली अन्त्य गरौ महिला हिंसाको ।

चेलीबेटी बेचबिखन, नारी शोषण गर्नेलाई,
कडा कानुन बन्नुपर्छ अब तिनलाई ।

# 'मानव बेचबिखन तथा ओसारसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड' २०६८ का केही मुख्य बुंदाहरू

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ
२. मापदण्ड निमार्णका आधारहरू
३. परिभाषा

### परिच्छेद २
### उद्देश्य, क्षेत्र र लक्षित समूह

४. मापदण्डको उद्देश्य
५. क्षेत्र
६. हेरचाह तथा संरक्षण सम्बन्धी अवधारणा
७. लक्षित समूह

### परिच्छेद ३
### उद्धार

८. उद्धार कार्यको जिम्मेवारी
९. विदेशबाट उद्धार
१०. भारतका सम्बन्धमा उद्धार योजना
११. तेस्रो मुलुकका सम्बन्धमा उद्धार योजना
१२. जिल्लाहरूका सम्बन्धमा उद्धार योजना
१३. जिल्लामा पीडित/प्रभावितहरूका बारे सूचना तथा जानकारी
१४. उद्धार कार्यको तयारी
(१) जिल्लाभित्र आन्तरिक बेचबिखन तथा ओसारसारबाट उद्धार गरिनु पर्ने पीडित/प्रभावितहरू बारे सूचना तथा जानकारी प्राप्त हुनासाथ जिल्ला समितिले उद्धारका लागि उपदफा (२) (३) (४) र (५) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ
(२) उद्धारपूर्वको तयारी
(३) उद्धार तथा खानतलासी टोलीको गठन
(४) उद्धार तथा खानतलासी गरि रहँदाको अवस्था
(५) उद्धार कार्य पश्चातको अवस्था
१५. बालबालिकाहरूको उद्धारमा ध्यान दिनुपर्ने बिषयहरू
१६. अभिलेखीकरण
(१) सरोकारवाला निकायहरूको दायित्व
(२) अभिलेखको गोपनियता
(३) प्रभावितहरूको सर्वोत्तम हितको लागि प्रयोग

### परिच्छेद ४
### स्वदेशफिर्ती

१७. राष्ट्रिय समितिको जिम्मेवारी
१८. संघ संस्थासंग समन्वय गर्ने
१९. मन्त्रालयको जिम्मेवारी हुने
२०. मन्त्रालयले परिचालन गर्ने
२१. अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले सहयोग गर्नुपर्ने
२२. सुरक्षित र स्वेच्छिक स्वदेश फिर्ति सम्बन्धी व्यवस्था
(१) राष्ट्रिय समितिले स्वेच्छिक स्वदेश फिर्ती प्रक्रियालाई सुरक्षित र भरपर्दो बनाउन देहाय उपदफा (२) (३), (४), (५) र (६) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ
(२) संस्थाहरूको विवरण
(३) पीडित/प्रभावित
(४) मुख्य संस्थाको पहिचान
(५) कार्य प्रणालीबारे जानकारी
(६) स्वदेशफिर्ती प्रक्रिया निर्धारण
२३. स्वदेश फिर्तिका क्रममा हेरचाह तथा संरक्षणका लागि अन्तरदेशीय प्रेषण
२४. अस्थायी यात्रा अनुमति पत्र
२५. पीडित/प्रभावितका आश्रित बालबालिका
२६. सुरक्षाको लेखाजोखा
२७. यात्रा व्यवस्थापन
(१) पीडित/प्रभावितलाई विदेशबाट उद्धार गरी सुरक्षाका साथ नेपालमा फिर्ता ल्याउन सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूले देहाय (२) (३) (४) अनुसार यात्राको व्यवस्था मिलाउनु पर्नेछ :
(२) यात्रा योजना
(३) यात्राको साधन
(४) यात्राको खर्च
२८. स्वदेश फिर्तिका लागि अन्तरदेशिय सञ्चार प्रक्रिया
(क) प्रेषक संस्थाद्वारा सहयोगका लागि प्रारम्भिक अनुरोध
(ख) प्रापक संस्थाद्वारा सहयोग दिनेबारे जानकारी
(ग) प्रेषक संस्थाद्वारा पुनःएकीकरणका लागि अनुरोध
(घ) प्रापक संस्थाद्वारा पुनस्थापना तथा पुनःएकीकरणमा सहयोग गर्ने प्रतिबद्धता
(ङ) प्रेषक संस्थाद्वरा प्रस्थानबारे जानकारी
(च) प्रापक संस्थाद्वारा आगमनबारे जानकारी
२९. बालबालिकाहरूका लागि विशेष व्यवस्था
(क)बाल अधिकार
(ख)फर्किन पाउने अधिकारको सुनिश्चितता
(ग) अविभेदको सिदान्तको पालना
(घ) बालबालिकाको सर्वोत्तम हित

(ङ) सहभागिताको अधिकार
(च) सुसूचित हुने अधिकार
(छ) सुरक्षित हुने अधिकार
(ज) उमेरको अनुमान
(झ) गोपनियताको अधिकार दिगो समाधानको लीग प्रयास
(ञ) दिगो समाधानका लागि प्रयास
(ट) द्रूत पुनर्मिलन सेवा
(ठ) पारिवारिक जोखिम मुल्यांकन
(ड) अन्तिम प्रयासका रूपमा संस्थागत हेरचाह

३०. स्वदेश फिर्तिका लागि विभिन्न निकाय र संस्थाहरूको दायित्व

३१. अभिलेखीकरण

## परिच्छेद ५
## हेरचाह तथा संरक्षण सेवा

३२. पीडित/प्रभावितहरूको अवस्थाको पहिचान :
(१) प्रमाणीकरण र भर्ना प्रक्रिया
(२) अवस्था लेखाजोखा
(३) मामला व्यवस्थापन योजना

३३. आन्तरिक प्रषण सेवाको आवश्यकता पहिचान
१. पीडित/प्रभावितहरूका लागि देहायका उपदफा (२) र (३) बमोजिम दुई चरणमा हेरचाह तथा संरक्षण सेवाको आवश्यकतालाई पहिचान गरी पीडित/प्रभावितहरूको व्यक्तिगत आवश्यकता र इच्छा अनुसार सरोकारवाला निकाय तथा संस्थाहरूले आफूले प्रवाह गर्ने सेवा सरल, सहज, निष्पक्ष र निशुल्क रूपमा उपलब्ध हुने निकाय र संस्थाहरूमा सम्प्रेषण गर्नु पर्नेछ :
२. प्राथमिक हेरचाह तथा संरक्षण सेवा र प्रेषण सिफारिश :
(अ) स्वास्थ्य उपचार
(आ) मनोविमर्श
(इ) कानुनी सहायता
(ई) उजुरी, जाहेरी दरखास्त र अनुसन्धान
(उ) आभयोजन तथा अदालती प्रक्रिया
३. द्वितीय हेरचाह तथा संरक्षया सेवा र प्रेषण सिफारिस
(अ) शिक्षा
(आ) सीपमूलक तालिम
(इ) बिउ पूँजी

३४. मुख्य सम्पर्क विन्दु

३५. मुख्य सम्पर्क निकाय

३६. महिला विकास अधिकृतको दायित्व

३७. संरक्षण अधिकृतको दायित्व

३८. अन्य सहयोगी निकाय तथा संस्थाहरू
(१) जिल्लामा पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षण सेवा प्रवाहमा मुख्य सम्पर्क विन्दु, सम्पर्क निकाय तथा सम्पर्क व्यक्तिहरूलाई आवश्यक सहयोग पुयाउनु देहायका उपदफा (२), (३), (४) र (५) बमोजिम अन्य सरोकारवाला सहयोगी सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरूको कर्तव्य हुनेछ :
(२) जिल्ला प्रहरी कार्यालयको भूमिका
(३) जिल्ला स्वास्थ्य कार्यालयको भूमिका
(४) अन्य सेवा प्रदायकहरूको भूमिका
(५) स्थानीय निकायहरूको भूमिका

३९. अनुगमन

४०. अभिलेखीकरण

## परिच्छेद ६
## पुनःस्थापना

४१. पुनःस्थापना केन्द्र :

४२. पुनःस्थापना केन्द्र संचालन निर्देशिका

४३. पुनःस्थापना केन्दमा भौतिक सुविधा
(क) बहुउद्देश्यीय साझा कक्ष
(ख) कार्यालय कक्ष
(ग) सुत्ने तथा भान्सा कोठा
(घ) शौचालय तथा स्नान कोठा
(ङ) सुरक्षा

४४. हेरचाह सम्वन्धी सेवाहरू
(क) आवासीय सेवा
(ख) खाना
(ग) लत्ता कपडा
(घ) स्वास्थ्य सेवा
(ङ) कानूनी सेवा
(च) मनोविमर्श सेवा
(छ) प्रेषण सेवा
(ज) पुनर्मिलन तथा भेटघाट
(झ) पुनःस्थापना र पुन : एकीकरण
(ञ) परिवारमा आधारित वैकल्पिक हेरचाह

४५. जनशक्ति

४६. बालबालिकाहरूको पुनःस्थापनाका लागि विशेष व्यवस्था

४७. अभिलेखिकरण

## परिच्छेद ७
## पुनर्मिलन तथा पुनःएकीकरण

४८. पुनर्मिलन सम्बन्धी प्रक्रिया

४९. पुनःएकीकरण सम्बन्धी प्रक्रिया

५०. पुनःएकीकरण सम्बन्धी सहायताका किसिमहरू

५१. पुनःएकीकरण प्रक्रियामा सुरक्षा चासो

५२. पुनःएकीकरणबारे अनुगमन र मूल्यांकन

५३. अभिलेखिकरण

# मानव बेचविखन तथा ओसारपसार बिरुद्ध कार्याशाला गोष्ठी

■कृपा संवाददाता -----------

वीरगंज,१४ भदौ/मानव बेचविखन तथा ओसारपसार बिरुद्ध सम्बन्धी कानुनी व्यवस्था तथा यसको

जनाको उक्त कार्याशालामा सहभागित... रहेको छ।एट्वीनकी उपाध्यक्ष मीना विष्टको अध्यक्षतामा सम्पन्न उदघाटनसत्रमा सहायक प्रजिअ क्षेत्री,



कार्यक्रममा सह...

प्रभावकारिता का... दिने कार्यशाला बिहीबारबाट शुरुभ...

वीरगंज स्थित मकालु होटलमा आयोजित उक्त गोष्ठी पर्साका सहायक प्रमुख जिल्ला ... क्षेत्रीको प्रमुख

... स्थानी... अधिकारी गजेन्द्र ठ... पत्रकार महासंघ पर्सा... लामिछाने, सामाजिक... समन्वय समिति पर्स... रामप्रवेश साह लग... थिए । क...

# कार्यशाला गोष्ठी सुरु



# वर्षेनी १२ हजार महिला तथा बालबालिकाहरु बेचबिखन गरिन्छ

*सहारा संवाददाता*

*वीरगंज, १४ भदौ।*

नेपालबाट वर्षेनी १० देखि १२ हजार सम्म महिला तथा बालबालिकाहरुको बेच बिखन हुने गरेको सहकर्मी नेपाल (एटबिन) की संयोजक बेनुमाया गुरुङ्ले जानकारी दिनुभएको छ।

एटबिनद्धारा आयोजित मानव बेचबिखन तथा ओसार पोसार सम्बन्धी कानुनी व्यवस्था तथा यसको प्रभावकारी कार्यान्वयन कार्यशाला विषयक २ दिने गोष्ठीको उद्घाटन समारोहमा उहाँले यस्तो जानकारी दिनुभएको हो।

गोष्टीमा उहाले नेपालमा आन्तरिक तथा बाह्य रुपमा ओसारपोसार तथा बेचबिखनको स्थिति अझै पनि विद्यमान रहेकाले त्यसको



नियन्त्रणमा सबै प... आवश्यकता औल्या... सो अवसरम... मिना विष्टले मा... नीतिगत तथा...

# मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धी गोष्ठी



तस्वीर : युवराज खडका/जन सृष्टि

वीरगंज, १४ भाद्र/ मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धी कानूनी ... विरुद्धको कानूनलाई प्रभावकारी कार्यान्वयनका लागि सरोकार

# मानव वेचबिखनविरुद्ध कार्यशाला

*सुरज खनाल,*

... मानव ... गोष्ठी ... बालिका ... एटवीत ... कालुमा ... मानव ... योजित ... तथा ... न तथा ... गोष्ठी ... तनाको ... स्थिरता ... ालमा ... त्साहन

पाएको कार्यक्रम संयोजक बेनुमाया गुरुङगले बताउनुभयो। मानवबेचबिखनको समस्या नियन्त्रणका लागि जनचेतना जगाउने उद्देश्यले कार्यशालाको आयोजना गरिएको संस्थाकी उपाध्यक्ष मीना विष्टले दावी गर्नुभयो। कार्यक्रमा बोल्दै पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षेत्री, स्थानीय विकास अधिकारी गजेन्द्र कुमार ठाकुर, प्रहरी उपरिक्षक पिताम्बर अधिकारी, नेपाल पत्रकार महासंघ पर्साका सभापति केसी लामिछाने, एनजिओसीसीका महासचिव रामप्रवेश साह लगायतले कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन एटवीनका सन्तोष पाण्डे... गर्नुभएको थियो।

# मानव बेचबिखन ओसार पसार सम्बन्धी कार्यशाला गोष्ठी

*वीरगंज, १४ भदौं।*

सहकर्मी समूह नेपाल (एट.विन.) को आयोजनामा महिला तथा बालबालिका बेचबिखन विरुद्ध मानव बेचबिखन तथा ओसार पोसार सम्बन्धी कानूनी व्यवस्था तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी आजदेखि दुईदिने कार्यशाला गोष्ठी शुरु भएको छ। छैठौं मानव बेचबिखन बिरुद्धको राष्ट्र दिवस २०६९ अन्तर्गत सो कार्यशाला गोष्ठी भदौ १४ गतेदेखि १५ गतेसम्म हुनेछ।

प्रमुख अतिथि जिल्ला प्रशासन कार्यालय पर्साका साहायक प्रमुख जिल्ला अधिकारी लुपबहादुर क्षेत्री रहनु भएको सो कार्यशाला गोष्ठीमा विशेष अतिथि जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख जिल्ला



तस्वीरः उत्तम खड्गी

आज गरिएको कार्यक्रमको पुनरालोकनका साथै अधिवक्ता विष्णुमाया भुषालले प्रस्तुतीकरण गर्ने भएको छ।

# ११ वर्षमा १६ सय चेली बेचिएको दाबी

रुद्र सुवेदी/राजधानी
नेपालगन्ज, १७ पुस

वैदेशिक रोजगारीको प्रलोभनमा ... बेचिएका महिलाको ... नीति र र ... क्षेत्रमा ... गुनासो ... म ... आयोज ... बेचबिख ... भूमिक ... सहभा ... गरेक ...

'हालसम्म १ हजार ५ सय ९० महिला विदेशमा बेचिएको भन्दै खोजीका लागि निवेदन परेका छन्,' कोइरालाले भने। सरकारी निकायले ... र गैरसरकारी ...

निवेदनमध्ये २ सय ५८ जना १८ वर्षमुनिका युवतीहरू रहेको र १ सय ६८ जना १८ वर्षभन्दा माथिका महिला रहेको संयोजक कोइरालाले बताए।

माइती नेपाल नेपालगन्जका ... मा ८ जना ...


# 'आफन्तबाटै बेचिन्छन् चेलीबेटी'

मोहन बुढाऐर

...ढी- आफन्त र चिनजान ...बाटै चेलीबेटी भारतलगायत मुलुकमा बेचिने गरेको अध्ययन ...दनले जनाएको छ। माइती ... धनगढीका प्रमुख शिवचरण ...ले उद्धार गरिएका घटनाको ... अध्ययनबाट ९० प्रतिशतभन्दा महिला आफन्त र चिनजान ...बाटै बेचबिखनको जोखिममा ...रेको बताए। दस प्रतिशत मात्रै कारणबाट बेचबिखनमा पर्ने छन्,' उनले भने।

...ले जोखिममा पर्ने महिलाको ...वारसँग दलालले सुरुमा ...ता जोडेर विश्वासिलो सम्बन्ध गर्ने गरेको बताए। उनले भने, ... भगाउने गर्दा महिलालाई रिक्सा र साइकलमा प्रायः एक्लै पठाउने गरेका छन्। महिला बेचबिखनका घटनाका अभियुक्त कानुनी कारबाहीमा थोरै मात्र पर्ने गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनका अनुसार जिल्ला प्रहरी ... नै पीडित पक्षलाई विभिन्न किसिमले आफ्नो पक्षमा पारी मिलापत्रमा घटनालाई टुंग्याउने गरेको उनले बताए। 'यता मुद्दा दर्ता गर्ने प्रक्रियामा अघि बढ्न खोजेका हुन्छौं,' उनले भने, 'उता फरार अभियुक्त पीडितका अभिभावकलाई आफ्नो पक्षमा पार्ने ...



कार्यालयमा दर्ता गरेको उजुरी फिर्ता लिई दुवै पक्षबीच मिलापत्र भयो।' उनले एउटा घटनामा एकसँग एक पटक माफी माग्ने अभियुक्त दसौं घटनामा संलग्न हुँदासमेत कानुनी फन्दाबाट उम्कने गरेको बताए। उनका अनुसार आचार्यको घटनाका अभियुक्त कैलालीको चेलीबेटी बेचबिखनका सातवटा घटनामा संलग्न भएको देखिन्छ। 'पीडित पक्षबाट उजुरीसमेत फिर्ता लिएको अवस्थामा प्रहरीले प्रयाप्त प्रमाणबिना अभियुक्तलाई कानुनी कारबाही अघि बढाउन सक्दैन,' उनले भने।

अध्यायन प्रतिवेदनले चेलीबेटी बेचबिखनका अधिकांश घटनामा अभियुक्त फरार हुने गरेको बताएको छ। प्रतिवेदनमा भनिएको छ, 'जोखिममा परेका महिलालाई उद्धार ...

# श्रम स्वीकृति लिन नक्कली मागपत्र

सुरेन्द्र पौडेल
काठमाडौं, माघ २३

तीन वर्षअघि राजधानीमा खुलेको एक म्यानपावर कम्पनीले श्रम स्वीकृति लिन नक्कली मागपत्र (डिमान्ड लेटर) पेस गरी ठगी गर्न लागेको खुलेको छ। काठमाडौंको ...स्थित खोजी रिक्रुटमेन्ट सर्भिसेस प्रालिले एक सय नेपालीलाई मलेसियामा सुरक्षा ...

महानिर्देशक पूर्णचन्द्र भट्टराईले नागरिकसँग भने, 'थप छानबिन भइरहेको छ।'

एक जना नेपालीलाई मलेसिया पठाउँदा म्यानपावर कम्पनीले अधिकतम ८० हजार रुपैयाँ उठाउन पाउने सरकारी प्रावधान छ। म्यानपावर कम्पनीले कामदारसँग पैसा उठाउँदा कागजमा सरकारले तोकेको अधिकतम खर्च अनुसार नै देखाए पनि वास्तवमा ...

यसै अनुरूप खोजी रिक्रुटमेन्ट सर्भिसेसले श्रम स्वीकृतिका लागि आकर्षक सेवासुविधासहित ठूलो संख्यामा नेपाली कामदारको सूची पठाएपछि विभागले कागजातको आधिकारिकताबारे छानबिन गरेको थियो।

प्रारम्भिक छानबिनमै श्रमस्वीकृति लिन विभागमा निवेदनसाथ पेस गरिएको मागपत्र, अधिकार प्रत्यायोजन पत्र, ग्यारेन्टी लेटर, रोजगारदाता ...

# टाभट्टामा बन्धक ६४ मजुदरको उद्धार

# 'पुरुषजातिको श्रम, महिलाको यौनशोषण'

GAZINE : गोरखापत्र ... DATE:

# दलाल पक्राउ पर्ने डरले महिला एक्लै सीमा पार गर्छन्

कञ्चनपुर, माघ १ गते। अवैध रूपमा भारतको बाटो भएर वैदेशिक रोजगारमा पठाउने गर्दै आएका गिरोहले सीमा नाका पार गर्न महिलालाई एक्लै पठाउन थालेका छन्।

दलालहरू सीमा नाकामा पक्राउ पर्न थालेपछि महिलालाई एक्लै पठाउन थालिएको हो।

भारतको बाटोबाट वैदेशिक रोजगारका लागि ... एक मान्छेले पठाएको जानकारी दिएका छन्।

राहदानी र नागरिकतासहित भेटिएका दुवैजनालाई भारतीय सहर बनवासामा दिल्लीबाट आउने एक व्यक्तिले जिम्मा लिने आश्वासनमा पठाइएको थियो।

काठमाडौंबाट सीधै चल्ने बसमा दुवैजना भारत जान लागेका हुन्। अहिले काठमाडौं र पोखराबाट दिल्लीसम्म सीधै बस चल्छ।



# कोठीबाट निस्केकी छोरीलाई पुनः बेच्न बाबुले प्रेमीबाट पनि पैसा खाए

सुर्खेत समाचारदाता



# बिग्रिएका कोरियन केटाले मात्र गरिब देशका युवती बिहे गर्छन्

बिग्रिएका कोरियन केटाले मात्र गरिब देशका युवती बिहे गर्छन्

# छोरी बेच्नेलाई ११ वर्ष कैद सजाय

ध्रुव दंगाल
सिन्धुपाल्चोक, पुस २५

छोरी बेचेको मुद्दामा ...पाल्चोक जिल्ला अदालतले ... एक बाबुलाई ११ वर्ष कैद ...सुनाएको छ।

जिल्ला न्यायाधीश अनन्तराज ...को इजलासले दुवाचौर-६ का ...वर्षे लोकबहादुर घलेलाई कैद ...को फैसला सुनाएको हो।

...घन्टा चलेको अन्तिम बहसपछि ...सले घलेले छोरी 'चौतारा-आइ' ... लाई भारतको वेश्यालयमा ...



जिल्ला अदालतको फैसला सुनेर बाहिरिँदै कसुरदार लोकबहादुर घले ... हर्कबहादुर तामाङ।

पीडित २०६४ मंसिरमा नयाँदिल्लीको सहिदनगरस्थित कोठीमा ८० हजार भारुमा बेचिएकी थिइन्

उनलाई १० वर्षको १० प्रतिशतले थप एक वर्ष कैद सजाय सुनाइएको हो। घले पीडित ...

भने सफाइ दिएको छ। ईश्वर घले, रामशरण घले र काजीमान तामाङले सफाइ पाएका हुन्। घटनाका मुख्य नाइके दावा तामाङ फरार छन्। उनको हकमा भने मुद्दा मुलतबी राखिएको अदालतले जनाएको छ।

पीडित चौतारा-आई २०६४ मंसिरमा नयाँदिल्लीको सहिदनगरस्थित कोठीमा ८० हजार भारतीय रुपैयाँमा बेचिएकी थिइन्। उनी २०६३ ...

# मलेसियामा नेपाली युवा अलपत्र

कान्तिपुर संवाददाता

मलेसिया- नेपालमा सम्झौता गरिएअनुरूप काम र तलब सुविधा दुवै फरक परेपछि मलेसियामा एक युवा अलपत्र परेका छन्। सम्झौतामा उल्लेख भएअनुसार तलब सुविधाबारे कम्पनीले बेवास्ता गरेपछि अर्घाखाँचीका सुवास आचार्य तीन सातादेखि अलपत्र परेका छन्।

सम्झौता पत्रमा दैनिक ११ घन्टा कामसहित मासिक ९ सय रिंगेट दिने ... यहाँ मासिक ६ सय मात्रै हुँदो रहेछ। त्यतिले के खाने, के बचाउने? इलेक्ट्रोनिक कम्पनी भनेर फसाए,' सेलेङगरेको सीएस याप मेटल नामक कम्पनीमा करिब डेढ महिनाअघि पठाइएका उनले भने।

... फलामका पाता काट्ने काम रहेछ,' उनले सुनाए।

'दुई सातादेखि खाना खाने पैसा पनि छैन। कम्पनीले काममा पनि बोलाएको छैन। आज दाइले साउदीबाट दुई सय रिंगेट पठाइदिनु भयो। म घर फर्कन चाहन्छु, मलाई ...

# एटविन सूचना तथा स्रोत केन्द्र

केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरू निम्न रहेका छन् :

- मानव बेचबिखन
- मानव अधिकार
- महिला अधिकार
- बाल अधिकार



प्रतिवेदन, जर्नल, बुलेटिन, बेचबिखन एवं महिला हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू, महिला बेचबिखन विषयक सन्धि एवं महासन्धिका दस्तावेजहरू, मस्यौदाहरू, पत्रिकाका समाचार संग्रह, सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC सामाग्रीहरू उपलब्ध छन् ।

**सूचना तथा स्रोत केन्द्र खुल्ने समय :**

दिन : हरेक हप्ता सोमबारदेखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि एटविन सर्वसाधारणप्रति हार्दिक अनुरोध गर्दछ ।

# एटविन गतिविधिका झलकहरू



महिला हिंसा विरुद्धको १६ दिने अभियानको र्‍यालीमा सहभागिता



वकालत तथा संजाल सुदृढिकरण तालिम कार्यशाला, भक्तपुर


मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गोष्ठी, पर्सा


मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गोष्ठी, बर्दिया


मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गोष्ठी, मोरङ्ग



मानव बेचबिखनविरुद्ध प्रशिक्षक प्रशिक्षण तालिम, मोरङ्ग


"मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरूको समस्या पहिचान र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रम, काठमाडौं



मानव बेचबिखन तथा ओसारप्रसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यशाला गोष्ठि, नुवाकोट